लेखापरीक्षण प्रतिवेदन

पकाहा मैनापुर गाउँपालिका, पर्सा

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

पकाहा मैनापुर गाउँपालिका, पर्सा

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्र्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्र्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, मधेश प्रदेश
काठमाडौं

प.सं.:2082/83
च.न :APPROVED/FAR/2081-82/LOC/103

मिति : २०८३-१-२९

श्रीमान् अध्यक्षज्यू,

पकाहा मैनापुर गाँउपालिका,

गाँउ कार्यपालिकाको कार्यालय, पर्सा।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।०८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसै साथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, मधेश प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/103

स्थानीय तहको रायसहितको प्रतिवेदन

श्रीमान अध्यक्षज्यू ,

पकाहा मैनपुर गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,

पर्सा।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले त्यस गाँउपालिकाकोआर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष लगायतका कारोबार समावेश गरेको छैन।

२.२. गाँउपालिकाको आय र व्यय तर्फ रु. ८६ करोड ११ लाख २३ हजारको लेखापरीक्षणबाट रु. ३ करोड ५९ लाख ८३ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु. ८ लाख ८० हजार फस्र्यौट भई असुल गर्नुपर्ने रु . २१ लाख ६५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ६६ लाख ६८ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ७८ हजार र पेश्की बाँकी रु. ६१ लाख ९२ हजार गरी जम्मा रु. ३ करोड ५१ लाख ३ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु. २० करोड ३९ लाख १४ हजार मध्ये फस्र्यौट नभई यसवर्षको थप समेत हालसम्म अद्यावधिक बेरुजू रु. २३ करोड ९० लाख १७ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाँउपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाँउकार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाँउ पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
८९	९२	३,५९,८३,६७५	०	६	८,८०,३३३	०	८९	८६	३,५१,०३,३४२	२१,६४,९१३	१,००,७७,८५०	१,६६,६८,६९१	०	०	२,६७,४६,५४१	६१,९१,८८८

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष सम्परीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
पर्सा	२०३९१३५९६	०	०	२०३९१३५९६	०	३,५१,०३,३४२	२३९०१६९३८

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८१/८२	६९	बढी भुक्तानी दर -	३,०७५
२	२०८१/८२	६३	बढी भुक्तानी -	५,१७१
३	२०८१/८२	६६	दोहोरो भत्ता -	२८,०३७
४	२०८१/८२	४६	पेश्की	८,४४,०५०
जम्मा				८,८०,३३३

पकाहा मैनापुर गाउँपालिका, पर्सा

(८०२२२५०७३००)

पकहा मैनपुर गाउँपालिका , पर्सा

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय - स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार संचालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ।यस पालिकामा ५ वडा रहेका छन भने क्षेत्रफल २१.३६ वर्ग कि मी तथा जनसंख्या २२९५७ रहेको छ।

(ख) लेखापरीक्षणको उद्देश्य - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि - यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।९।२१ देखि २०८२।९।२४ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति - पालिकाको आय र व्ययतर्फ गरी रु. ८६ करोड ११ लाख २३ हजार को लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२

एकीकृत आर्थिक विवरण
पकाहा मैनपुर गाउँपालिका

प्राप्ति			भुक्तानी		
विवरण	**रकम**	**रकम**	**विवरण**	**रकम**	**रकम**
१. **सुरु मौज्दात**	१३५१३२८८.९४	१३५१३२८८.९४	१. **चालु खर्च**		१८६५०४०५१.५०
क) संचित कोष			क) पालिकातर्फ	९४३९३५२१.०३	
ख) धरौटी			ख) संघीय सशर्त	९२११०५३०.४७	
ग) बिबिध खर्च खाता			ग) संघीय विशेष	०	
घ) राजस्व बाँडफाँट (ग.१.२)			घ) सङ्घीय सम्पुरक	०	
ङ) आन्तरिक राजस्व खाता			ङ) प्रदेश विशेष	०	
२. यस वर्षको आय		१०८४७९०९.१६			
क) **आन्तरिक आय**	८०२५२९२.६२		२. **पुँजीगत खर्च**		११३३३०१८६.७०
ख) मालपोत रजिस्ट्रेसन (स्थानीय राजश्व बौंटफाँट)	२८२२६१६.५४		क) पालिकातर्फ	९००४६४५४.९३	
३. वित्तीय हस्तान्तरण (संघ)		२७०७६४१९२.९१	ख) संघीय सशर्त	६२९२९४९.००	
क) समानीकरण अनुदान	८३०४२८००.००		ग) संघीय विशेष	०	
ख) राजस्व बाँडफाँट	६११६९६१०.१४		घ) संघीय समपुरक	८९९०७८२.७७	

ग) सशर्त अनुदान	११७५६१000.00		ङ) प्रदेश सशर्त	८००००००.००	
घ) समपुरक अनुदान	८९९०७८२.७७		च) प्रदेश विशेष	०	
ङ) विशेष अनुदान	०		छ) प्रदेश समपुरक	०	
च) रोयल्टी	०		**३. अन्तर सरकारी अख्तियारी (संघ)**		९४१२५२०७.९२
४. वित्तीय हस्तान्तरण (प्रदेश)		१६९२१९७०.००	क) सामाजिक सुरक्षा	९००००९८३.९२	
क) समानीकरण अनुदान	६२९४000.00		ख) राष्ट्रपति शैशिक सुधार कार्यक्रम	६००००.००	
ख) राजस्व बाँडफाँट	२६२७९७०.००		ग) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	३५२४२२४.००	
ग) सशर्त अनुदान	८००००००.००		**४. धरौटी फिर्ता**	६२३१९७८.००	६२३१९७८.००
घ) समपुरक अनुदान	०		**५. कार्य सञ्चालन कोषबाट भएको खर्च**	३७२००१६.००	३७२००१६.००
ङ) रोयल्टी	०		**६. अनुदान फिर्ता**		१९१५७५२०.५३
५. अन्तर सरकारी अख्तियारी (संघ)		९४१२५२०७.९२	क) संघीय श्रोतको	१९१५७५२०.५३	
क) सामाजिक सुरक्षा	९००००९८३.९२		ख) प्रदेश श्रोतको	०	

ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	३५२४२२४.००		**७. बैक मौज्दात**		२८४९८४५३.७२
ग) राष्ट्रपति शैशिक सुधार कार्यक्रम	६०००००.००		क) संचित कोष खाता	९१६७६४१.९७	
६. धरौटी आय	४३६९५९७.००	४३६९५९७.००			
७. स्थानिय प्रकोप व्यवस्थापन कोष	०	०	ख) आन्तरिक अनुदान खाता	०	
८. बिबिध खर्च खाता	३४५६०६१.००	३४५६०६१.००	ग) राजश्व	२०५४२९.७६	
९. अन्य आम्दानी		३७३९६४६३.४४	घ) चालु खर्च खाता जोर बर्ष	२९५०७८६.१८	
क) संचित कोषमा अन्य दाखिला	३७३९६४६३.४४		ङ) पुजीगत खर्च खाता विजोर बर्ष	५६५६९५६.७९	
१०. अन्य आय	०	०	च) धरौटी	४२९४५७२.८८	
११.कर कट्टी रकम दाखिला हुन् बाकी	१७२७२४.००	१७२७२४.००	छ) विविध खर्च खाता	६२२३०६६.१४	
			ज) स्थानीय प्रकोप व्यवस्थापन कोष	०	
जम्मा	**४५१५६७४१४.३७**	**४५१५६७४१४.३७**	**जम्मा**	**४५१५६७४१४.३७**	**४५१५६७४१४.३७**

(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३ **बजेट तथा कार्यक्रम -**

३.१ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकिय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकामा उपाध्यक्षले मिति २०८१।०३।१० गते रु. ३७ करोड ९१ लाख ४० हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८१।०३।१० मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।०७।०५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। तसर्थ, ऐनमा तोकिएको समयमै प्रमुख प्रशासकिय अधिकृतलाई अख्तियारी दिनुपर्ने देखिन्छ।

३.२ **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकोले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

४ **लक्ष्य प्रगति** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने प्रत्येक कार्यालयले अनुसूची २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरी केन्द्रीय निकाय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। त्रैमासिक प्रगति विवरण पेश गर्नुपर्नेमा पालिकाले सञ्चालन गरेका स्थानीयस्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन। बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार गर्ने ब्यवस्था मिलाउनु पर्दछ। पालिकाले पेश गरेको विवरण अनुसार यस आ.व.मा २२३ वटा योजना तथा कार्यक्रम रहेकोमा ४९ वटा शून्य प्रगति, २५ प्रतिशतसम्म ५१ वटा र सो भन्दा माथि प्रगति भएको १७२ वटा योजना तथा कार्यक्रम रहेको देखिन्छ। आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी हुन नसकेको तथा बिभिन्न प्राविधिक कारणले गर्दा शून्य प्रगति देखिएको छ। अतः पालिकाले योजना तथा कार्यक्रम छनौट गर्दा जनताका मागका आधारमा कार्यान्वियन योग्य कार्यक्रम छनौट गरी सञ्चालन गर्नुपर्दछ।

कार्यक्रम/योजना	**कुल योजना र कार्यक्रम**	**वार्षिक प्रगति स्थिति**					
		शून्य प्रगति	**२५ % सम्म प्रगति**	**५० % सम्म प्रगति**	**७५ % सम्म प्रगति**	**७५ % भन्दा माथि**	**१०० %**
वडास्तरीय	६३	५	०	०	१	५२	५
पालिकास्तरीय	१६०	४४	२	५	४	८६	१९
जम्मा	**२२३**	**४९**	**२**	**५**	**५**	**१३८**	**२४**

५ **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

मुख्य क्षेत्र	बार्षिक वजेट	खर्च रकम	खर्च प्रतिशत
आर्थिक विकास	२२०५२०००	७२८२२६०	२.५०
सामाजिक विकास	११९४७७०००	९७९९३२७९	३३.६९
पुर्वाधार विकास	१२५३००२००	९१२२०७०४	३१.३६
सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	६१८५०००	५८४५४०८	२.०१
कार्यालय संचालन तथा प्रशासनिक	९८६५२०००	८८५०१८०१	३०.४३
जम्मा	**३७१६६६२००**	**२९०८४३४५२**	**१००**

उल्लिखित विवरण अनुसार कुल खर्च मध्ये आर्थिक विकासतर्फ २.५० प्रतिशत, सामाजिक क्षेत्रतर्फ ३३.६९ प्रतिशत, पूर्वाधारतर्फ ३१.३६ प्रतिशत, सुशासन र अन्तरसम्बन्धित क्षेत्रतर्फ २.०१ प्रतिशत र कार्य सञ्चालन तथा प्रशासनिक खर्च ३०.४३ प्रतिशतले खर्च गरेको छ। आर्थिक विकासतर्फ २.५० प्रतिशत मात्र खर्च गरेको देखिंदा गरिवी निवारण लगायतको कामको लागि यस क्षेत्रमा अधिक भन्दा अधिक बजेट विनियोजन एवं खर्च गर्नुपर्दछ। कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा खर्च धेरै गरेको देखिन्छ। तसर्थ प्रशासनिक खर्चतर्फ मितव्ययीता कायम हुनुपर्दछ।

६ **योजना छनौट र कार्यान्वयन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वियनमा ल्याउनुपर्ने व्यवस्था छ। कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठूला योजना छनौट नगरी साना साना र टुक्रे योजनामा ठूलो मात्रामा बजेट छुट्याएको अवस्था छ। साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धि नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठूला योजना छनौटलाई प्राथमिकतामा राखिनु पर्दछ। यस वर्ष उपभोक्ता समिति तथा निर्माण व्यवसायी मार्फत भएका कामका योजनाहरु देहाय अनुसार छन्:

विवरण	रु.१ लाख सम्म	रु.१ लाख देखि ५ लाख सम्म	रु.५ लाख देखि १० लाख सम्म	रु.१० लाख देखि २० लाख सम्म	रु.२० लाख भन्दा बढीको	जम्मा
वडास्तरीय	९	३९	१०	०	०	५८
पालिका स्तरीय	५	४५	७६	७	८	१४१
जम्मा योजना संख्या	**१४**	**८४**	**८६**	**७**	**८**	**१९९**

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ। पालिकाले यस वर्ष जम्मा १९९ वटा योजना संचालन गरेकोमा रु. ५ लाख भन्दा मुनिका ९८ वटा योजना छन्। जुन कुल योजना संख्याको ५१.३ प्रतिशत हुन आउँछ। साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा अपेक्षित उपलब्धि प्राप्त गर्न कठिनाई हुने हुँदा यस्तो कार्यमा नियन्त्रण गरी भौगोलिक दुरी र पहुँचका आधारमा एकमुष्ठ लागत अनुमान तयार गरी ठूला योजना निर्माण र प्राथमिकता प्राप्त योजना संचालन गर्न स्वीकृती गर्नुपर्दछ।

७ **अनुदान फिर्ता** - संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपूरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाबाट प्राप्त विवरण अनुसार २०८२ असार मसान्त सम्म खर्च भई बाँकी रहेको अनुदान रकम देहाय बमोजिम फिर्ता भएको प्रमाण पेश भएको छ।

अनुदान प्रदान गर्ने निकाय	अनुदानको प्रकार	फिर्ता रकम रु.	फिर्ता मिति
संघीय सरकार	सशर्त चालु	१८९५०४६९.५३	२०८२।०३।३२
	सशर्त पूँजीगत	२०७०५१.२३	२०८२।०३।३१
जम्मा		**१९१५७५२०.७६**	

८ **आन्तरिक लेखापरीक्षण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले कानून बमोजिम लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ। पालिकाले यस वर्षको आर्थिक कारोबारको संघीय वित्तीय हस्तान्तरण तर्फको समेत आन्तरिक लेखापरीक्षण गराएको छैन। आन्तरिक जाँच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था छ। पालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरेर कर्मचारी नियुक्ति गरेको छैन। पालिकामा आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने गरी आन्तरिक लेखापरीक्षण शाखा गठन गराउनु पर्नेमा शाखा गठन नभई कर्मचारी नियुक्ति नभएको अवस्थामा पालिकाले कर्मचारी नियुक्त गरी वित्तीय जोखिम न्यूनीकरण गर्न आन्तरिक लेखापरीक्षण गराउनु पर्दछ।

९ **त्रैमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम १६(१०) बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्य सम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ।पालिकाले उपलब्ध गराएको विवरण अनुसार पूँजीगत खर्च वार्षिक रु. ११ करोड ३३ लाख ३० हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा रु. ० अर्थात् ० प्रतिशत, दोस्रो त्रैमासिकमा रु. १ करोड ५१ लाख ३१ हजार अर्थात् १३.३६ प्रतिशत, तेस्रो त्रैमासिकमा रु. २ करोड ४४ लाख ६२ हजार अर्थात् २१.५८ प्रतिशत र चौथो त्रैमासिकमा रु. ७ करोड ३७ लाख ३७ हजार अर्थात् ६५.०६ प्रतिशत खर्च गरेको देखिएको छ। यसरी नै असार महिनामा मात्र रु. ५ करोड ५३ लाख १० हजार अर्थात् ४८.८० प्रतिशत खर्च देखिनुले असारमा आएर खर्चको चाप बढेकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ।

क्र.सं.	बजेट उपशीर्षक	कुल खर्च		त्रैमासिक खर्च			
			प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	असार महिना
१	पूँजीगत खर्चतर्फ	११३३३०	०	१५१३१	२४४६२	७३७३७	५५३१०
	प्रतिशत	**१००**	**०**	**१३.३६**	**२१.५८**	**६५.०६**	**४८.८०**

१० **बैङ्क हिसाब मिलान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरण अनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ। पालिकाको वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहाय अनुसार छ :

सि.नं.	खाताको नाम	श्रेस्ता अनुसार बाँकी	बैंक अनुसार बाँकी रु	फरक	कैफियत
१	ग ११ आन्तरिक राजश्व खाता	०	०	०	
२	ग १२ बाँडफाँडबाट प्राप्त राजश्व खाता	०	०	०	
३	ग १३ आन्तरिक अनुदान खाता	०	०	०	
४	ग २२ चालु खर्च खाता- जोर वर्ष	०	०	०	
५	ग २४, पँजीगत खर्च खाता- जोर वर्ष	०	०	०	
६	ग २७ विविध खर्च खाता	६९०४१.११	६९०४१.११	०	
७	ग ३१, स्थानीय तह धरौटी खाता	२०९७७२२.९५	४२९४५७२.८८	२१९६८४९.९३	बैङ्क बढी
८	ग ४१ स्थानीय तह संचित कोष खाता	२२४५३८६६.०३	२२५०७०१६.१०		
जम्मा		**२४६२०६३०.०९**	**२६८७०६३०.०९**	**२१९६८४९.९३**	

पालिकाले म.ले.फा.नं. २१२ तयार गरेको पाइएन। सुत्रमा आम्दानी बाँधिएको रकमसँग स्थानीय तह धरौटी खाता बैंक स्टेटमेन्टसँग भिडान गर्दा फरक पर्न गएको देखिन्छ। पालिकाले तयार पारेको समग्र आर्थिक कारोबारको एकीकृत विवरण अनुसार स्थानीय तहको धरौटी खातामा स्रेस्ता अनुसार रु. २०९७७२२.९५ उल्लेख भएको र बैंक स्टेटमेन्ट अनुसार रु. ४२९४५७२.८८ उल्लेख भई रु. २१९६८४९.९३ फरक पर्न गएको देखिन्छ। पालिकाले पेश गरेको एकीकृत आर्थिक विवरण अनुसार वर्षान्तमा मौज्दात रु. २८४९८४५३.७२ तथा माथि उल्लिखित बैङ्क अनुसार बाँकी रु. २६८७०६३०.०९ देखिएकोमा रु. १६२७८२३.६३ फरक देखिएको सम्बन्धमा समेत पालिकाले एकीन गरी हिसाब पेश गर्नुपर्दछ।

११ **वित्तिय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्य प्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले आर्थिक कारोवार लेखा गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवार गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) तयार गर्नुपर्छ। तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ९००००९८३.९२, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. ३५२४२२४ र राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको रु. ६००००० गरी जम्मा रु. ९४१२५२०७.९२ सुत्रमा लेखा राखेको छैन। जसले गर्दा सुत्र प्रणालीवाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ।

१२ **फरक हिसाब** - यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार गत वर्षको जिम्मेवारी रु. ७०९५८०३.६५, यस वर्षको प्राप्ति रु. ११९०८२६२७.८२, यस वर्षको भुक्तानी रु. १२३२३४७२२.८ र बैङ्क मौज्दात रु. ३८२४९९६.२३ ले फरक परेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं. २७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।

विवरण	गतवर्षको जिम्मेवारी	यसवर्षको प्राप्ती	यसवर्षको भुक्तानी	बैंङक मौज्दात
सुत्र अनुसारको वार्षिक प्रतिवेदन(म.ले.प.फा. २७०)	६४१७४८५.२९	३१८९७१४९७.१८	२९९८३४२३८.२०	२४६७३४५७.४९
एकीकृत आर्थिक विवरण अनुसार	१३५१३२८८.९४	४३८०५४१२५	४२३०६८९६१	२८४९८४५३.७२
फरक	७०९५८०३.६५	११९०८२६२७.८२	१२३२३४७२२.८	३८२४९९६.२३

१३ **खर्च विश्लेषण** - पालिकाको गत बर्षको जिम्मेवारी रु. १३५१३२८८.९४, यस बर्षको कुल आन्तरिक आय रु. ८०२५२९२.६२ र अन्य आय रु. ४०८५२५२४.४४, राजस्व बाँडफाँड र अनुदानबाट रु. २९०५०८७७९.४५ समेत रु. ३५२८९९८८५.५१ आम्दानी भएकोमा चालुतर्फ रु. १८६५०४०५१.५ र पूँजीगततर्फ रु. ११३३३०१८६.७ समेत रु. २९९८३४२३८.२ खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा २.६८ प्रतिशत रहेको छ। यस बर्ष पदाधिकारी सुबिधामा रु. ६७५१४०० खर्च भएको छ जुन आन्तरिक आयको ८४.१३ प्रतिशत रहेको छ। पालिकालाई यस वर्ष सबै अनुदान र राजस्व सहित कुल रु. ३३९३८६५९६.५७ प्राप्त भएकोमा कूल चालु र पूँजीगत खर्चमध्ये ६२.२० प्रतिशत चालु र ३७.८० प्रतिशत पूँजीगतमा खर्च भई रु. २८४९८४५३.७२ मौज्दात रहेको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण प्रयोजनमा न्यून खर्च गरेको र प्रशासनिक प्रयोजनमा बढी खर्च भएको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ।

१४ **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ। पालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छनः

- Ø स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाइएन,
- Ø स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाइएन,
- Ø स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागू गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली बनाएको पाइएन,
- Ø अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यमकालीन खर्चको संरचना तयार गरेको पाइएन,
- Ø पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन। साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाइएन,
- Ø ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाइएन,
- Ø मर्मत सम्भार अभिलेख खाता पेश भएको पाइएन,
- Ø जिन्सी निरीक्षण प्रतिवेदन पेश भएको पाइएन,
- Ø भ्रमण अभिलेख किताब पेश भएको पाइएन,
- Ø उपभोक्ता समितिबाट कार्य सम्पन्न पश्चात योजना हस्तान्तरण गरेको पाइएन,
- Ø सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा पूर्ण रुपमा पालना भएको पाइएन,
- Ø अवकास कोष सम्वन्धी कानूनी व्यवस्था कार्यान्वियन गरेको पाइएन,

अतः ऐन, नियम र निर्देशिका अनुसार कार्यान्वियन गर्नुपर्ने उपरोक्त व्यहोरा पूर्ण रुपमा कार्यान्वियन नगरेका कारण वित्तीय उत्तरदायित्व एवम् जवाफदेहिता र कानूनको परिपालनामा कमी आउने हुँदा जिम्मेवार पदाधिकारीले कामको प्रकृति अनूरुप आन्तरिक नियन्त्रण प्रणाली तयार गर्ने र कानूनको पालना गराउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

१५

नक्सा दर्ता, पास र अभिलेखीकरण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७(१) मा पालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था छ। पालिकाको भवन निर्माण ईजाजत शाखाबाट नक्शा दर्ता संख्या तथा नक्सा पास संख्याको विवरण पेश गरेको छैन। पालिकाले नक्सा दर्ता र पास गर्दा भवन संहिताको प्रभावकारी पालना र कार्यान्वियनलाई ध्यान दिंदै नक्सा दर्ता र पास गर्न अभियान नै संचालन गर्नुपर्दछ।

१६ **सेवा प्रवाहको स्थिति-** पालिकाले आर्थिक वर्ष २०८१।८२ मा देहाय बमोजिम पञ्जिकरण र सडक निर्माण/मर्मत गरेको छ। पालिकाले सेवा प्रवाहमा वृद्धि गरी सेवाको अभिलेखीकरण समेत गर्नुपर्दछ।

क्र.सं.	**विवरण**	**सेवा संख्या**
१	जन्म दर्ता	५२४
२	मृत्यु दर्ता	१६८
३	बसाईसराई दर्ता	९६
४	विवाह दर्ता	२४२
५	सम्बन्ध विच्छेद दर्ता	१
६	कालोपत्रे सडक निर्माण	०
7	कालोपत्रे सडक मर्मत	०
८	ग्राभेल सडक निर्माण	०
९	ग्राभेल सडक मर्मत	२.३२ कि.मि.

१७ **कानुन निर्माणको स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जस अनुसार स्थानीय तह सञ्चालनको लागि पालिकाले देहाय बमोजिम २३ वटा कानुन निर्माण गरी सबै कानुन राजपत्रमा प्रकाशित गरी कार्यान्वियनमा ल्याएको जनाएको छ।

क्र.सं.	कानुनका प्रकार	२०८०।०८१ सम्म	२०८१।०८२ मा	जम्मा
१	ऐन	१	०	१
२	विधेयक	८	०	८
३	कार्यविधि	६	२	८
४	नियमावली	२	०	२
५	निर्देशिका	१	०	१
६	प्रतिवेदन	१	०	१
७	कार्य योजना	१	०	१
८	रणनीति	१	०	१
जम्मा		**२१**	**२**	**२३**

१८ **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउनु पर्ने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत वर्षको वाँकी १० वटा र यस वर्ष १० वटा विवाद दर्ता भएकोमा ४ वटा मात्र फर्स्यौट भई १६ वटा विवाद बाँकी रहेको देखिन्छ। पालिकाले केही मुद्दाहरुमा पक्ष र विपक्ष हद म्यादभित्र उपस्थिति नभएको कारण फर्स्यौट हुन नसकेको जनाएको छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

१९ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन** -

१९.१ **तलबी प्रतिवेदन** - मधेश प्रदेश, स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ४४ (३) बमोजिम प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालयबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्नु हुँदैन भन्ने व्यवस्था उल्लेख छ । पालिकाले यस आर्थिक बर्षको तलवी प्रतिवेदन पारित नगरी पालिकातर्फ ९ जना स्थायी कर्मचारीहरुको रु. ५४ लाख ३७ हजार कर्मचारी पारिश्रमिकमा भुक्तानी गरेको छ । तलबी प्रतिवेदन पारित नहुँदा तलव स्केल र ग्रेड भिडान गर्न सकिएन । ऐनको व्यवस्था अनुसार तलबी प्रतिवेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ ।

१९.२ **दरबन्दी र पदपूर्ति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ७५ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म स्थायी तथा करार गरी ६३ जना पदपूर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार शिक्षा अधिकृत छैठौँ, कम्प्युटर अपरेटर, सहायक पाँचौँ प्रशासन, सहायक चौथो प्रशासन, सव- ईन्जिनियर सहित १२ पदहरु रिक्त रहेका छन् ।

१९.३ **करार तथा अन्य सेवा** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८३ मा स्थानीय तहले स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारमा लिने कर्मचारीको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेत विश्लेषण गरी दरवन्दी प्रस्ताव गर्नुपर्ने र यस्तो दरवन्दीको व्यवस्थापन सर्वेक्षण गरी सभाबाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न ११ पदमा ४० जना कर्मचारी

करारमा र २५ जना कर्मचारी डोर हाजिरीमा नियुक्त गरी वर्षभरीमा रु. २ करोड ५५ लाख ९५ हजार खर्च लेखेको छ ।पालिकाले डोर हाजिरीमा नियुक्ती गरेका कर्मचारीहरुको नियुक्ती प्रक्रिया, करार नवीकरण,उनीहरुको योग्यताको विवरण संलग्न, प्रमाणित डोर हाजिरी र कार्यस्थलको स्पष्ट विवरण संलग्न छैन। त्यसैगरी सोही ऐनको दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक,कार्यालय सहयोगी, प्लम्वर, इलेक्ट्रिसियन, चौकिदार, मालि तथा बगैंचे लगायतका पदमा मात्र करारमा कर्मचारी नियुक्ती गरी पालिकालाई थप व्ययभार पार्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

२० **सहकारीतर्फ** -

२०.१ **सहकारी नियमन** - सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS)मा दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिका भित्र रहेका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गर्ने नगरेको विवरण प्राप्त भएको छ। त्यसैगरी पालिकाले कुनै पनि सहकारी संस्थाहरुको अनुगमन नगरेको विवरण प्राप्त भएको छ। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ।

२०.२ **समस्याग्रस्त सहकारी** - यस पालिकामा ९ वटा सहकारी संस्था रहेका छन्। पालिकाले सहकारीको अनुगमन गरी समस्याग्रस्त रहे नरहेको एकिन गरि अभिलेख तयार गर्नुपर्दछ।

२१ **करतर्फ** -

कर दायित्व - पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं.२७०) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु. २६७९४ देखिएको छ। एकिन भई सकेको दाखिला गर्न बाँकी कर दायित्व सम्बन्धित आर्थिक वर्षमा दाखिला नभएको तथा लेखापरीक्षण अवधिसम्म समेत दाखिला नभएकोले उक्त रकम दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	२६,७९४

२२ **धरौटी तर्फ** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६४ मा धरौटी रकमको गोश्वारा धरौटी खाता र व्यक्तिगत धरौटी खाता अध्यावधिक गर्नुपर्ने व्यवस्था छ । पालिकाले पेश गरेको विवरण अनुसार गतवर्षको धरौटी अल्या रु. ३०८४५१८.९५, यो वर्षको प्राप्त धरौटी आम्दानी रु. ५२४५१८२ समेत जम्मा आम्दानी रु. ८३२९७००.९५ भएको मध्ये फिर्ता रु. ६२३१९७८ गरी बाँकी धरौटी रु. २०९७७२२.९५ देखिन्छ ।धरौटी रकम फिर्ता गर्दा व्यक्तिगत धरौटी खाता नरहेकोले वैंक स्टेटमेन्ट अनुसार फिर्ता गर्ने गरेको पाइयो ।व्यक्तिगत धरौटी खाता अद्यावधिक नहुँदा दोहोरो फिर्ता हुन सक्ने, वढी रकम फिर्ता हुन सक्ने जोखिम रहने हुँदा धरौटीको व्यक्तिगत अभिलेख खाता अद्यावधिक गरेर मात्र धरौटी फिर्ता गर्नुपर्ने र नाम नामेसी नखुलेको र धेरै वर्ष पुरानो र प्रयोजन समाप्त भएका धरौटी रकम यकिन गरी सदरस्याहा समेत गर्नु पर्दछ।

२३ **आर्थिक सहायता** -

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न ५६ व्यक्ति र संस्थाहरुलाई रु. ३ हजार देखि ५ लाख सम्म जम्मा रु. १४ लाख ४६ हजार आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको आन्तरिक आय रु. ८०२५२९२।६२ को तुलनामा १८.०२ प्रतिशत रहेको छ । निश्चित कार्यविधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्नु उचित होईन ।जसका केही उदाहरण निम्नानुसार छन्

गो.भो.नं./ मिति	भुक्तानी पाउने संस्था/ व्यक्तिको नाम	प्रयोजन	रकम रु.
२०४।२०८१।०९।०८	अनिता देवी	आर्थिक अवस्था कमजोर	६००००
	निर्मला देवी गिरी	आर्थिक अवस्था कमजोर	२५०००
	हिरामन महतो कोईरी	बाढी पीडित	१५०००
३३४।२०८१।११।२३	सुनिता चौरासिया	आर्थिक अवस्था कमजोर	७००००
३५१।२०८१।११।२६	विभिन्न ४ जना	स्वास्थ्य उपचार	१०५०००
४४६।२०८१।१२।१२	विभिन्न १४ जना	स्वास्थ्य उपचार र आर्थिक अवस्था कमजोर	१६८०००
४८३।२०८१।१२।१९	अयोध्या महतो कोईरी	आगलागी पीडित	९००००
	हनुमान महतो कोईरी	आगलागी पीडित	६००००

२४ **जिन्सी तर्फ** -

२४.१ **जिन्सी सम्पत्ति व्यवस्थापन प्रणाली** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ६२ मा ऐन बमोजिम सम्पादन गर्नुपर्ने बजेट तथा लेखा सम्बन्धी कार्यलाइ व्यवस्थित गर्न महालेखा नियन्त्रक कार्यालयले आवश्यक सूचना प्रविधिमा आधारित प्रणालीहरू विकास गरी लागू गर्ने व्यवस्था छ।महालेखा नियन्त्रक कार्यालयले सरकारी सम्पत्ति लेखाङ्कन तथा प्रतिवेदन कार्यका लागि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) विकास गरेको छ। सो प्रणाली सबै कार्यालयमा लागू गर्न महालेखा नियन्त्रक कार्यालयले च. नं. ११ मिति २०७७।४।१२ मा परिपत्र गरेकोले पालिकाले सो प्रणाली पूर्ण रुपमा लागू गर्नुपर्दछ।

२४.२ **जिन्सी निरीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ९९ सोही नियमावलीको नियम ९४,९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने,सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नुपर्ने व्यवस्था छ । पालिकाले लेखापरीक्षण अवधिसम्म जिन्सी निरीक्षण गरी प्रतिवेदन पेश गरेको छैन । जिन्सी निरीक्षण गरी प्रतिवेदन पेश नगर्नु उचित होईन ।

२५ **लागत सहभागिता—** पालिकाले आयोजना/ कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सोको भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ। तर पालिकाले लागत सहभागिता सहितको लागत अनुमान तयार गरेको देखिएन। अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ।

२६ **सार्वजनिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन। तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नुपर्दछ।

२७ **योजना संशोधन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले योजना बनाई कार्यान्वयन गर्ने व्यवस्था रहेको छ। स्वीकृत योजनाको अनुगमन तथा मूल्याङ्कन समेत गर्नुपर्ने व्यवस्था छ। यस वर्ष सभाले ६२ वटा योजना तथा कार्यक्रम संशोधनको निर्णय गरेको छ। यस्ता संशोधन औचित्यताको आधारमा गर्नुपर्दछ। केही उदाहरणहरुः

सि.नं.	विवरण	रकम रु.
घटाउनेतर्फ ४५ योजनामध्ये जस्तै (जम्मा रु. १ करोड ८२ लाख)		
१	प्रकोप व्यवस्पान कोष	२५००००
२	समपुरक कोष पूँजीगत	५५००००
३	समपुरक कोष चालु	६१०००००
४	महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोत्साहन भत्ता	५०००००
बढाउनेतर्फ ६२ योजनामध्ये जस्तै (जम्मा रु. २ करोड २७ लाख २६ हजार)		
१	विविध खर्च	२०००००
२	वडा नं. १ स्थित धुताहा पुल मर्मत कार्य	५०००००
३	साविक वडा नं. ४ र ५ मा टावर लाइट जडान	४०००००
४	अन्य कार्यालय संचालन खर्च	४५००००

२८ **रकमान्तर** - आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २० बमोजिम कुनै एक अनुदान संकेत अन्तर्गतको बजेट उपशीर्षकमा अपुग भएमा सोही शीर्षकमा तोकिएको एक वा एक भन्दा बढी अनुदान संकेत अन्तर्गतको उपशीर्षकमा बचत हुने रकम मध्येबाट बिनियोजन ऐनमा तोकिएको सिमाभित्र रही रकमान्तर गर्न सकिने ब्यवस्था छ। पालिकाको बिनियोजन ऐन, २०८१ मा रकमान्तरको प्रावधान रहेको छैन। सभाको निर्णय बमोजिम बिभिन्न शीर्षकमा (घटाउने रु. १ करोड ८२ लाख र बढाउने रु. २ करोड २७ लाख २६ हजार) रू. २ करोड २७ लाख २६ हजार अर्थात् कुल बजेट रू. ३७ करोड ९१ लाख ४० हजारको ६ प्रतिशत रकमान्तर गरी खर्च गरेको देखिन्छ। यसरी घटाउनेतर्फ ४५ वटा योजना तथा कार्यक्रममध्ये जस्तै भैपरी चालु खर्चमा रु. ११ लाख ५० हजार, मसलन्द तथा कार्यालय सामग्रीमा रु. ४ लाख, पारिश्रमिक कर्मचारीमा रु. १४ लाख ८५ हजार र लहावरथकरी स्वास्थ्य चौकी कम्पाउण्ड वाल निर्माणमा रु. १० लाख जस्ता रहेका छन भने बढाउनेतर्फ ६२ वटा योजना तथा कार्यक्रमहरुमा जस्तै सवारी साधन खरिदमा रु. ५ लाख, भैपरी पूँजीगत खर्चमा रु. ४ लाख, करार सेवा शुल्कमा रु. ५४ लाख र कार्यक्रम खर्चमा रु. ३ लाख जस्ता रहेका छन्।

२९ **वार्षिक खरिद योजना/गुरुयोजना** - सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक रु. १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने, नियम ८ ले वार्षिक रु. १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. ११३३३०१८७ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

३० **ठेक्का अभिलेख** - सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.नं. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर पालिकाले उक्त विवरण देखिने गरी अभिलेख आंशिक रुपमा भरी राखेको पाइयो। अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नु पर्दछ।

३१ **मेला र महोत्सव खर्च** -

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७३(६) मा प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्डमा सार्वजनिक निकाय तथा सार्वजनिक पद धारण गरेको व्यक्तिले खर्चमा मितव्ययिता कायम हुने गरी खर्च गर्नुपर्ने, बुँदा नं. १०२ मा स्थानीय तहले सार्वजनिक खर्चलाई थप मितव्ययी र नतिजामुखी बनाउन मितव्ययिता सम्बन्धी मापदण्ड तर्जुमा गरी लागू गर्नसक्ने व्यवस्था छ । पालिकाले मितव्ययिता सम्बन्धी मापदण्ड तर्जुमा गरी लागू गरेको छैन । नमुना परीक्षणको रुपमा परीक्षण गरिएको श्रेस्तामा कार्यालयले शुभकामना आदान प्रदान, पुजा, मेला जस्ता कार्यक्रम राखी निम्न अनुसारको खर्च गरेको छ । मेला महोत्सवमा भएको खर्च विविध खर्चको पुष्टियाई, खरिद भएको सामग्रीहरु प्रयोग र मौज्दात पुष्टी हुने कागजात, अन्य शीर्षकमा भएको खर्चको पुष्टि हुने प्रमाण कागजात पेश भएको देखिएन ।यसले खर्चको सम्बन्धमा यकिन हुन सकिएन । सार्वजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस्तो अनुत्पादक र प्रतिफल विहीन खर्चमा नियन्त्रण गरी मितव्ययितातर्फ ध्यान दिनुपर्दछ ।केही उदाहरण निम्नानुसार छन् ।

सि.नं.	गो.भौ.नं./ मिति	भुक्तानी पाउने संस्था/ व्यक्तिको नाम	प्रयोजन	रकम रु.
१	८१।२०८१।०७।१४	श्री रामजानकी दुर्गा पुजा समिति पकहा मैनपुर गा.पा.-१	दशैं महोत्सव	२५००००
२	९३।२०८१।०७।२५	श्री ताजेश्वर प्रसाद कोईरी	वडा नं ५ मा जितीया पर्वको उपलक्ष्यमा मेला व्यवस्थापन	१०५८८०
३	१४३।२०८१।०८।१८	श्री हरेन्द्र प्रसाद चौरसिया	वडा नं २ मा विभिन्न ठाँउमा छठघाट सजावट	३३००००
४	१४५।२०८१।०८।१८	विराट कुस्ती प्रतियोगिता व्यवस्थापन समिति पकहा मैनपुर गा.पा.-१	कुस्ती प्रतियोगिता सञ्चालन	५०००००
५	१९९।२०८१।०९।०८	श्री राम बहादुर बरै	साबिक वडा नं ४ र ६ मा छठघाट सजावट	१०००००
६	३३९।२०८१।११।२४	छोरे छठघाट सरसफाई तथा सजावट समिति	छठघाट सरसफाई र सजावट	१६००००
७	४२२।२०८१।१२।०४ र ४२३।२०८१।१२।०४	छठघाट पूजा समिति	वडा नं १ धोरेमा छठघाट सजावट	३०४०००
८	७६२।२०८२।०३।०३	श्री राम बहादुर प्रसाद बरै	वडा नं ४ मा रामनवमी मेला व्यवस्थापन	३२९२००
९	७७३।२०८२।०३।०६	श्री शत्रुधन गिरी	वडा नं ५ मा छठघाट सजावट	५००००
१०	७७४।२०८२।०३।०६	श्री शत्रुधन गिरी	श्री रामनवमी टी २० क्रिकेट प्रतियोगिता	१०००००

३२ **मसलन्द तथा कार्यालय सामाग्री** -

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ भने नियमावली, २०६४ को नियम ३१ (१) मा रु.२० लाख रुपैंया भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने, ८४(१) मा रु.१० लाख रुपैंया भन्दा बढी र रु.२० लाख

रुपैंयासम्मको लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा सिलबन्दी दरभाउपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने र त्यसैगरी नियम ८५(४) अनुसार १ लाख रुपैंया भन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सुचिमा रहेका कम्तिमा ३ वटा आपूर्तिकर्ताबाट लिखित रुपमा दरभाउपत्र माग गरी खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष मसलन्द तथा कार्यालय सामग्री शीर्षकबाट रु. ३० लाख ३९ हजार र अन्य कार्यालय सम्बन्धी खर्च शीर्षकबाट रु.२० लाख २६ हजार गरी जम्मा रु. ५० लाख ६५ हजारको खरिद गरेको छ ।उस्तै प्रकृतिको विभिन्न खरिद कार्यलाई प्याकेजीङ्ग गरी खुला बोलपत्रको माध्यमबाट गराउन सकिने अवस्थामा समेत अलग अलग ससाना टुक्रा गरी सोझै खरिद गरेको छ । एउटै प्रकृतिको खरिदको कामलाई उपयुक्त प्याकेज बनाई बोलपत्रको माध्यमबाट मितव्ययी तरिकाले खरिद गर्नुपर्दछ । केही उदाहरण निम्न छनः

गो.भौ.नं र मिति	भुक्तानीपाउने	रकम	विवरण
२६४।२०८१।०९।२९	कालिका जेनरल स्टोर्स	५९१६६२	मसलन्द तथा कार्यालय सामाग्री
२८५।२०८१।१०।०७	स्वस्तिक प्रेस	५६८२२०	मसलन्द तथा छपाई सामाग्री
६०२।२०८२।०१।२३	विणा प्रेस	३५१४३०	छपाई सामाग्री
७९२।२०८२।०३।१०	डिजन मल्टिपर्पोज सप्लायर्स	३९८५००	छपाई सामाग्री

३३ **सूचना प्रकाशन** -

३३.१ **पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन** - स्थानीय सरकार संचालन ऐन,२०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, प्रभावकारीता, कार्य दक्षता र औचित्यतता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ ।त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा रु १० लाख रुपैंयासम्मको निर्माण कार्य, मालसमान र ५ लाख सम्मको परामर्श सेवा सोझै खरिद गर्न सकिने व्यवस्था छ । त्यस्तै नियम ८५ अनुसार एक आर्थिक बर्षमा एकै फर्म वा व्यवसायीसँग तोकिएको सीमा भन्दा बढीको सोझै खरिद गर्न नहुने व्यवस्था छ । पालिकाले यस बर्ष पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशनमा रु. २२ लाख २४ हजार खर्च गरेको छ । उक्त रकम पालिकाको आन्तरिक आय रु. ८०२५२९२।६२ को तुलनामा २७.७१ प्रतिशत रहेको छ । यसरी खर्च गर्ने प्रवृत्तिमा सुधार गर्दै सिलबन्दी बोलपत्र वा दरभाउपत्रको माध्यमद्वारा प्रतिस्पर्धात्मक विधिबाट खरिद गरिनुपर्दछ ।पालिकाले भुक्तानी दिएका अधिकांश पत्रपत्रिकाले सूचना प्रकाशनको स्पेशिफिकेशन नखुलाई एकमुष्ट बील जारी गरी भुक्तानी लिएको पाइयो । यसरी भुक्तानी दिदा प्रथम पृष्ठ,भित्री पृष्ठ र अन्तिम पृष्ठ, प्रति शब्द,रंगीन वा श्यामश्वेत र सीसी तथा छुट सुविधा जस्ता स्पेशिफिकेशनहरुलाई ध्यान दिनुपर्दछ । साथै सूचना प्रविधीको वर्तमान युगमा प्रचलित कानून बमोजिम पत्रपत्रिकामा प्रकाशित गर्नुपर्ने सूचनाहरु बाहेक अन्य शुभकामना तथा जनचेतनामुलक सन्देशहरु कार्यालयको वेभसाइट, फेसबुक पेज,SMS लगायतका सामाजिक सञ्चालहरुबाट सम्प्रेषण गरी सार्वजनिक खर्चमा मितव्ययिता हासिल गर्नुपर्दछ ।

३३.२ **सूचना प्रकाशनमा छुट** - विज्ञापन नियमन गर्ने नियमावली,२०७७ को नियम ६(क) को उप नियम २ मा सरकारी निकायले भुक्तानी गर्दा संचार माध्यमवाट सोझै प्रकाशन वा प्रसारण भएको भए त्यस्तो संचार माध्यमले जारी गरेको बिल बमोजिम तथा नियम ५ (ग) को उपनियम ३ बमोजिम विज्ञापन एजेन्सी मार्फत प्रकाशन तथा प्रसारण गरिएको भए संचार माध्यमले जारी गरेको विलको प्रतिलिपि सहित त्यस्तो एजेन्सीको सेवा शुल्क खुल्ने गरी सो एजेन्सीले जारी गरेको बिल बमोजिम नियम ५ (ख) दररेटको आधारमा गर्नुपर्नेछ भन्ने ब्यबस्था रहेको छ । साथै विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २१ को उपदफा २ (ख) र विज्ञापन नियमन गर्ने नियमावली (संशोधन सहितको) २०७७ को नियम छ (क) को उपनियम (३) मा संचार माध्यम वा विज्ञापन एजेन्सीलाई रकम भुक्तानी गर्नु अघि ऐनको दफा २१ को खण्ड (ख) बमोजिमको रकम कट्टा गर्नुपर्ने र उपदफा (४) मा नियमावलीको उप नियम (३) बमोजिम कट्टा गरिएको रकम बोर्डको कोषमा जम्मा गर्नु पर्ने छ भन्ने ब्यवस्था रहेको छ तर पालिकावाट बिभिन्न किसिमका सूचना तथा विज्ञापन प्रकाशन गर्दा विभिन्न संचारमाध्यम तथा पत्रिका मार्फत गर्दा सरकारी निकाय राष्ट्रिय स्तरका दैनिक पत्रिकाले प्रकाशन गरेको दररेट र तोकिएको दरमा पनि छुट दिने दर २५ प्रतिशत भन्दा पनि कम देखियो।यसरी विज्ञापन वा सूचना प्रशारण गर्दा एजेन्सीको सेवाशुल्क खुलाउने र तोकिएको दरमा अधिकतम छुट समेत गरी भुक्तानी दिने लिने गरेको देखिएन।विज्ञापन तथा सूचना प्रकाशन गर्दा

राष्ट्रिय स्तरको पत्रपत्रिकामा सुचना प्रकाशन गरी अधिकतम छुट लिने व्यवस्था मिलाउनुपर्दछ ।नियमको पालना गरेर मात्र विज्ञापन गराउनु पर्ने, र नियमावलीको उप नियम (३) बमोजिम कट्टा गरिएको रकम बोर्डको कोषमा जम्मा गर्नुपर्ने देखिन्छ । केही उदाहरण निम्नानुसार छन् ।

गो.भौ.नं.	**पत्रिका/एजेन्सीको नाम**	**विवरण**	**भुक्तानी रकम**	**छुट**
६४।२०८१।०७।१३	कालिका टाईम्स प्रालि	स्वयं शिक्षकको विज्ञापन र सेवा करार सम्बन्धी विज्ञापन	१३०६२८	१५ प्रतिशत
३६७।२०८१।११।२७	ज्योति जागरण दैनिक	करार विज्ञापनको सूचना प्रकाशन	९६६५०	२० प्रतिशत

३४ **वितरणमुखी कार्यक्रम -**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४(६) मा पालिकाले योजना तर्जुमा गर्दा योजना सम्भाव्यताको आधारमा स्रोत साधनको पूर्व अनुमान, योजनाको प्राथमिकिकरण, योजना कार्यान्वियन तालिका र अनुगमन र मूल्यांकन योजना समेत तयार गर्नुपर्ने उल्लेख छ । तर पालिकाले उल्लिखित व्यवस्था अनुरुप योजना तयार नगरी बितरणमुखी कार्यक्रममा खर्च गर्ने गरेको देखियो । यसरी पट्के निर्णयको आधारमा र खास प्रतिफल प्राप्त नहुने कार्यक्रममा खर्च गर्ने कार्यमा सुधार हुनुपर्दछ ।केही उदाहरणहरु निम्नानुसार छन् ।

भौचर नं. र मिति	**विवरण**	**बुझिलिने**	**रकम**
३०९।२०८१।११।१७	वडा नं ५ मा चापाकल वितरण	विभिन्न ३० जना	४८३०८९
८०५।२०८२।०३।१३	वडा नं २ मा साउण्ड सिष्टम वितरण	विभिन्न १० जना	१४९२७३
२४७।२०८१।०९।२४	वडा नं ५ मा खेलकुद सामाग्री वितरण	डायमण्ड क्रिकेट टिमका मओसिस आलम	९९९५४
२४९।२०८१।०९।२४	वडा नं ३ को सातमाई मन्दिरमा साउण्ड सिष्टम वितरण	वडा सदस्य प्रदिप प्रसाद कुर्मी मार्फत	९५३७२
३५३।२०८१।११।२६	वडा नं ५ को सबैठवा मन्दिरको लागि साउण्ड सिष्टम वितरण	रामाउती देवी मार्फत	९०४५६
९११।२०८२।०३।२४	वडा नं १ मा १८८ थान हाते स्प्रेटंकी (१६ लि.) वितरण	विभिन्न १८८ जना	४९९२३४

३५ **खर्चको पुष्टी नभएको -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा प्रमाण कागजात तथा विल भरपाई राखी खर्च लेख्नुपर्ने, नियम ३९(१०) मा सरकारी रकम खर्च गर्दा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने तथा नियम ९४, ९५ र ९६ मा कार्यालयले खरिद गरी वा अन्य कुनै प्रकारले प्राप्त गरेको जिन्सी मालसामान एक वर्ष भन्दा वढी खप्ने प्रकृतिको भए म.ले.प.फारम नं. ४०८ खप्ने जिन्सी खातामा र नखप्ने प्रकृतिका भए म.ले.प. फाराम नं. ४०७ मा आम्दानी जनाई अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारको रु. १७१३९२१।० भुक्तानी गर्दा आवश्यक कागजात पेश गरेको छैन । यी खर्च अनुसार प्रमाणित कागजात पेश हुनुपर्ने रु.

भौ. नं./ मिति	भुक्तानी पाउने	प्रयोजन / विवरण	नपुग कागजात	भुक्तानी रकम
८७।२०८१।०७।२१	श्री अश्मयु सिभिल ईन्जिनियरिङ्ग एण्ड ईन्फ्राटेक प्रालि	वडा नं २ मा कोल्डस्टोर निर्माणका लागि डिपीआर निर्माण	PAMS दाखिला	९८०८४६
४२७।२०८१।१२।०४	रोजी एण्ड रञ्जु सप्लायर्स	अपाङ्गता भएका जनताहरुको लागि ६ थान ट्राईसाईकल सामाग्री खरिद तथा वितरण	वितरणको भरपाई, प्रमाणित फोटो	१९४९२५
४४०।२०८१।१२।०७	ओम कृषि बिज भण्डार	तरकारी मिनिकिट खरिद तथा बितरण	वितरणको भरपाई	४९८१५०
७७२।२०८२।०३।०६	युपी ट्रेड एण्ड सप्लायर्स	२ वटा चापाकल खरिद	वितरणको भरपाई	४००००
			जम्मा	**१७१३९२१**
			प्रमाण पेश नगरेको	१७,१३,९२१

३६ **शीर्षक फरक पारी खर्च -**

एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ को (दोश्रो परिमार्जन) अनुसार सरकारी खर्च गर्दा सम्बन्धित खर्च शिर्षकबाट खर्च तथा भुक्तानी गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले देहाय बमोजिमको शीर्षकबाट खर्च लेखेको छ । सम्बन्धित खर्च शीर्षकबाट भुक्तानी नगरी शीर्षक परिवर्तन गरी भुक्तानी गर्नु नियमसम्मत नदेखिएको रु.

गो.भौ.नं. मिति	खर्च हुनुपर्ने शीर्षक	भएको खर्चशीर्षक	रकम रु.
३४९।२०८१।११।२६	महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोत्साहन भत्ता	करार सेवा शुल्क	१६२८३५
९७०।२०८२।०३।२५	करार सेवा शुल्क	पदाधिकारी बैठक भत्ता	१२९६००
९७३।२०८२।०३।२५	करार सेवा शुल्क	पदाधिकारी बैठक भत्ता	१२९६००
९७४।२०८२।०३।२५	करार सेवा शुल्क	पदाधिकारी बैठक भत्ता	१२९६००
९७५।२०८२।०३।२५	करार सेवा शुल्क	पदाधिकारी बैठक भत्ता	१२९६००
		जम्मा	६८१२३५
		अनियमित भएको	६,८१,२३५

३७ **अन्य निकायको खर्च -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१) बमोजिम विनीयोजित बजेट निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । नमूना परीक्षण गर्दा कार्यालयमा प्राप्त हुने रकम तोकिएको काममा मात्र खर्च गर्न सकिनेमा कार्यालयले छुट्टै अस्तित्व र बजेट व्यवस्था भएको कार्यालयलाई भुक्तानी गरेको रकम नियमसम्मत देखिएन । यसरी खर्च गर्दा पालिकाको आफ्नो पूर्वाधार विकास निर्माण सम्बन्धी बजेट व्यवस्थापनमा चाप पर्ने र कार्यालयले प्रदान गर्ने सेवा प्रवाहमा असर पर्ने हुँदा यस्तो खर्चमा नियन्त्रण गर्नुपर्ने देखिएको रु.

भौ.नं./ मिति	भुक्तानी पाउने	कार्यालय	वापत	रकम
३३१।२०८१।११।२१	रविभुषण प्रसाद कुशवाहा (कम्प्यूटर अपरेटर)	जिल्ला प्रशासन कार्यालय पर्सा, बीरगंज	डोर हाजिरीमा कामकाज गर्न खटाएबापत	३४२४८३
	राजेश कुमार महतो (सहायक कम्प्यूटर अपरेटर)	जिल्ला प्रशासन कार्यालय पर्सा, बीरगंज	डोर हाजिरीमा कामकाज गर्न खटाएबापत	३२४७२२
७६७।२०८२।०३।०५	रविभुषण प्रसाद कुशवाहा (कम्प्यूटर अपरेटर)	जिल्ला प्रशासन कार्यालय पर्सा, बीरगंज	डोर हाजिरीमा कामकाज गर्न खटाएबापत	८५९०७
	राजेश कुमार महतो (सहायक कम्प्यूटर अपरेटर)	जिल्ला प्रशासन कार्यालय पर्सा, बीरगंज	डोर हाजिरीमा कामकाज गर्न खटाएबापत	८२५३८
			जम्मा	**८३५६५०**
			अनियमित भएको	८,३५,६५०

३८ **उपभोक्ता समिति दर्ता** — सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ। पालिकाले यो बर्ष विभिन्न ५ वटा उपभोक्ता समितिसँग रु. १६२०४५४९ को सम्झौता गरी रु. १४६७०७२ श्रमदान कटाई रु. १३३६७५१५ भुक्तानी गरेकोमा कार्य गर्न गठन भएका उपभोक्ता समिति दर्ता भएको पाइएन। त्यस्ता समितिहरु स्थानीयस्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आय व्ययको लेखापरीक्षण समेत नगराउने भएकोले स्थायी संयन्त्र मार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ।

३९ **उपभोक्ता समितिले बिमा नगरेको** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उप नियम ३(क) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई रु. २० लाख वा सो भन्दा बढीको लागत अनुमान भएको वा कार्य गराउँदा जनशक्ति, सामग्री तथा अन्य विवरण उल्लेख गरी बिमा गराउनुपर्ने व्यवस्था रहेको छ। पालिकाले निम्न बमोजिमको कार्य उपभोक्ता समितिबाट गरेपनि बिमा गरेको पाइएन। अतः पालिकाले नियमावलीमा भएको व्यवस्थालाई पालना गराउनु पर्दछ।

भौ.नं.र मिति	उपभोक्ता समितिको नाम	लागत अनुमान रु.	भुक्तानी रु.
५।०८१।०७।१४	वडा नं. ४ मा अधुरो भवानीमाई मन्दिर निर्माण उ.स.	२०४७९१६	१८३९७३०
३१७।०८२।०३।२५	नाला तथा सडक ढलान उ.स. १	२१५७५५२	१९३८६५६

४० **जटिल संरचना निर्माण**– सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका मन्दिर तथा सडक ढलान लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समिति मार्फत् गराउने गरेको देखियो। यस्ता कार्य व्यवसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र गरी प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ। अतः नियमावलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ। केही उदाहरणहरु

भौ.नं.र मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	लागत अनुमान रु.	भुक्तानी रु.
५।०८१।०७।१४	वडा नं. ४ मा अधुरो भवानीमाई मन्दिर निर्माण उ.स.	मन्दिर निर्माण	२०४७९१६	१८३९७३०
३१७।०८२।०३।२५	नाला तथा सडक ढलान उ.स. १	आर.सि.सि.सडक ढलान	२१५७५५२	१९३८६५६

४१ **आनुपातिक रकम** – पालिकाले सम्झौता वा शर्तमा उल्लिखित व्यवस्थाको पालना गर्नुपर्दछ। यसरी श्री नेपाल रा.प्रा.वि.गदियानी ५ को भवन निर्माणका लागि विद्यालयलाई अनुदान निकासा दिंदा संघीय ७२ प्रतिशत, स्थानीयतर्फ १८ प्रतिशत र श्रमदान १० प्रतिशत हुनुपर्नेमा पालिकाले सशर्त पूँजीगतको भौ.नं. ८।०८२।०३।१७ बाट रु. ३७५५१६२, भौ.नं.१०।०८२।०३।१८ बाट रु. ९३८७९० र भौ.नं.१६।०८२।०३।२५ बाट रु. ८०६०४८ गरी जम्मा रु. ५५००००० निकासा गर्दा सशर्त संघको ७२ प्रतिशत अर्थात् पूरै रकम निकासा गरेको तथा पालिकाले बेहोर्ने १८ प्रतिशत अर्थात् रकम रु. १३७५००० सम्बन्धित विद्यालयको खातामा निकासा पठाई सो को प्रमाण पेश गर्नुपर्ने देखिएको रु.

प्रमाण पेश नगरेको	१३,७५,०००

४२ **कान्टेन्जेन्सी खर्च -** यस पालिकाले हरेक योजनामा न्युनतम ३ प्रतिशतका दरले कान्टेन्जेन्सी कट्टा गरी रु. ९२३८२१ खर्च गरेको छ। योजनाको लगत नराखेको कारणले कन्टिन्जेन्सी कति खर्च भयो भन्ने यकिन हुन सकेन। कन्टिन्जेन्सीको समेत खाता नराखेको कारण कति खर्च भयो भन्ने कुराको यकिन हुन सक्ने आधार नै देखिएन। आयोजनागत खर्च स्पस्ट हुने गरी अभिलेख खाता नराख्ने तथा खर्च गर्नेलाई जिम्मेवार बनाउनु पर्दछ। सम्बन्धित शीर्षकमा प्रयाप्त बजेट हुने हुँदा कन्टिन्जेन्सीबाट खर्च गर्नुपर्ने आवश्यकता देखिंदैन। तसर्थ, नगरी नहुने कार्यमा मात्र यस्ता खर्च गरी कन्टिन्जेन्सी खर्चलाई नियन्त्रणमुखी तथा मितव्ययी बनाउनु पर्दछ।

४३ **अनुगमन भत्ता** - मधेश प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ को दफा ६ को अनुसूची (क) मा पदाधिकारीको अनुगमन भत्ताको मापदण्ड निर्धारण गरिएको छ। त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम खर्च लेख्दा खर्चको बील भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। पालिकाले देहाय अनुसार रु. ७३४००० अनुगमन भत्ता बापत खर्च लेखेकोमा सोको पुष्ट्याई हुने आधार प्रमाण पेश गर्नुपर्ने देखिएको रु.

भौ.नं.र मिति	**विवरण**	**खर्च रु.**
१२९।०८२।०२।१०	अनुगमन भत्ता	४५००००
२४४।०८२।०३।२२	अनुगमन भत्ता वडा नं. ५ का पदाधिकारी	१६२०००
२४५।०८२।०३।२२	अनुगमन भत्ता वडा नं. १ का पदाधिकारी	१२२०००
जम्मा		**७३४०००**

प्रमाण पेश नगरेको	७,३४,०००

४४ **भरपाई पेश नभएको -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम खर्च लेख्दा खर्चको बील भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। पालिकाले देहाय अनुसारको कार्यमा वितरण वा हस्तान्तरण गरेको भरपाई पेश नभएको रु. ३४६३१२९ को भरपाईको प्रमाण पेश गर्नुपर्ने देखिएको रु.

क्र.सं.	भौ.नं. र मिति	विवरण	रकम रु.	कैफियत
१.	१८२। ०८२। ०३।०९	ठूलो साइजको सिलाई मेसिन खरिद तथा वितरण ६० थान (प्रसन्न कन्स्ट्रक्सन एण्ड सप्लायर्स कन्सन्टेन्सी प्रा.लि.)	७७९७००	भरपाई पेश भएको पाइएन।
२.	२९७। ०८२। ०३।२५	वडा नं. ४ मा बोरिङ्ग जडान ६ थान (बागेश्वर बाबा निर्माण सेवा)	९६६८७३	भरपाई पेश भएको पाइएन।
३.	३०५। ०८२। ०३।२५	वडा नं. २ मा बोरिङ्ग जडान ६ थान (ऋषभ कन्स्ट्रक्सन)	९४२६३४	भरपाई पेश भएको पाइएन।
४.	३२९। ०८२। ०३।२५	ह्युमपाइप खरिद तथा वितरण १ देखि ५ वडासम्मका लागि ३० थान ६०० mm र ३२ थान ९०० mm (सत्यम निर्माण सेवा)	७७३९२२	भरपाई पेश भएको पाइएन।
		जम्मा	३४६३१२९	

प्रमाण पेश नगरेको	३४,६३,१२९

४५ (२७२-2082-03-24):

फरक दररेटबाट लागत अनुमान – सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ अनुसार खरिद कार्यमा मितव्ययीता अपनाउनुपर्ने व्यवस्था रहेको छ। पालिकाले साबिक वडा नं. ४ र ५ मा टावर लाइट जडानका लागि पारसनाथ कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.सँग कार्य गरी लागत अनुमान तयार गरेको छ। यसरी लागत अनुमान तयार गर्दा निम्न बेहोरा अनुसार जिल्ला दररेटबाट भिडान गर्दा बढी दररेट अनुसार भुक्तानी भएको रु. ४९५८४ को प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्बन्धित सप्लायर्सबाट असूल गर्नुपर्ने देखिएको रु.

विवरण	आइटम र परिमाण	प्रयोग भएको दररेट भ्याट बाहेक रु.	हुनुपर्ने दररेट भ्याट बाहेक रु.	बढी प्रयोग भएको दररेट रु.
साविक वडा नं. ४ र ५ मा टावर लाइट जडान (पारसनाथ कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.)	२०० वाट फ्लड लाइट ८ वटा जडान	२४०००	१८५१५	४९५८४

प्रमाण पेश नगरेको	४९,५८४

४६ **पेश्की बाँकी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७(४) बमोजिम पेश्की लिने सरकारी कर्मचारी वा पदाधिकारीले म्यादभित्र पेश्की फस्यौंट गर्नुपर्नेमा यसवर्ष निम्न ठेकेदार, व्यक्ति वा संस्थाले तोकिएको कामको लागि पेश्की लिई फस्यौंट नगरेकोले समयमा यस वर्ष तथा विगतको समेत पेश्की फस्यौंट गर्नुपर्ने देखिएको रु.

सि.नं.	भौ.नं.र मिति	विवरण	प्रयोजन	रकम रु.	म्याद मिति
म्याद नाघेको पेश्की					
१	१३।०८२।०३।२५	भगवती स्टील इन्डष्ट्रिज प्रा.लि.	झोलुङ्गे पुल निर्माण	४०८८००	२०८२।०९।१३
२	३१०।०८२।०३।२५	दबंग कन्स्ट्रक्सन	अधुरो भवन निर्माण	६५००००	२०८२।०६।१३
३	२०७।०८१।०९।०९	सुरेश प्रसाद (अध्यक्ष)	भ्रमण खर्च	२०००००	
४	३३५।०८१।११।२३	सुरेश प्रसाद (अध्यक्ष)	सवारी साधन मर्मत खर्च	१९८०००	
५	७४।०८१।०७।१४	नग नारायण साह (सहायक चौंथो)	विविध खर्च	२६००००	
६	२४६।०८१।०९।२२	मकुरधन हजरा दुसाध (कार्यालय सहयोगी)	संचार महसुल	१००००	
७	११०।०८१।१०।०७	संजय कुमार (अधिकृत छैठौं)	बिभिन्न खर्च	२१९२८८	
८	३०५।०८१।११।१५	धुपलाल यादव (अमिन)	अन्य कार्यालय संचालन खर्च	५००००	
९	५३५।०८२।०१।०३	संजय कुमार (अधिकृत छैठौं)	सभा संचालन खर्च	१२००००	
१०	७८५।०८२।०३।०९	संजय कुमार (अधिकृत छैठौं)	सभा संचालन खर्च	७५८००	
११	९५२।०८२।०३।२५	देवनाथ साह (प्रमुख प्रशासकीय अधिकृत)	भ्रमण खर्च	१००००	
१२	९९३।०८२।०३।३२	ताजेश्वर प्रसाद कोइरी (सहायक पाँचौं)	कार्यक्रम खर्च	२०००००	
१३	९९३।०८२।०३।३२	प्रेमनाथ साह	कार्यक्रम खर्च	१०००००	
१४	९९३।०८२।०३।३२	सुनिता देवी बर्णवाल (सामाजिक परिचालक)	कार्यक्रम खर्च	२०००००	
१५	९९३।०८२।०३।३२	हरि मोहन महतो (खरिदार)	कार्यक्रम खर्च	१००००००	
१६	३०३।०८१।११।१४	श्री राम चरित्र भगत माध्यमिक विद्यालय	शैक्षिक अवलोकन तथा भ्रमण खर्च	११००००	
१७	४७२।०८१।१२।१५	श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय	शैक्षिक अवलोकन तथा भ्रमण खर्च	१५००००	
१८	४७३।०८१।१२।१५	श्री ब्रह्मस्थान नेपाल राष्ट्रिय प्राथमिक विद्यालय	शैक्षिक अवलोकन तथा भ्रमण खर्च	१०००००	
१९	३३९।०८२।०३।३२	वडा कार्यालय भवन निर्माण उ.स. १	अन्य सार्वजनिक निर्माण	१७०००००	
२०	२१०।०८१।०९।०९	विकास पाण्डेय	करार सेवा शुल्क	३००००	

२१	११९।०८१।११।१८	संजय प्रसाद चौहान	विपद् सम्बन्धी कार्यक्रम	३०००००	
२२	६३२।०८२।०२।०१	अनिल कुमार	मर्मत सम्भार खर्च	१०००००	
जम्मा				**६१९१८८८**	

(✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **८४४,०५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

पेश्की	६१,९१,८८८

४७ **बील पेश नभएको -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम खर्च लेखिएका रकमको बिल भर्पाई दुरुस्त गरी श्रेस्ता साथ संलग्न गरी राख्नुपर्ने व्यवस्था छ। पालिकाले देहाय बमोजिमका कार्यको भ्याट सहित भुक्तानी भएको रु. ८५०० देखिएकोमा उक्त कार्यको भ्याट सहितको बिल पेश नभएकोले सोको प्रमाण पेश गर्नुपर्ने अन्यथा असूल गर्नुपर्ने देखिएको रु.

भौ.नं.र मिति	**विवरण**	**भुक्तानी रु.**	**बिल रु**	**कैफियत**
३०।०८१।०९।१२	पि.सि.सि. ढलान वडा नं. ४ (आरिया कन्स्ट्रक्सन)	७५३६९७	१५००	ल्याब बिल
४८।०८१।११।१७	सडक ढलान कार्य ५ (शिव गोविन्द निर्माण सेवा)	४७२४७९	१५००	ल्याब बिल
५०।०८१।११।१७	जगदिश महतोको घरदेखि संतुको घरसम्म बाटो ढलान (एम.के.कन्स्ट्रक्सन)	५६३५११	१३००	ल्याब बिल
५५।०८१।११।२३	अमरेश साहको घरदेखि रामध्यानको घरसम्म सडक ढलान समेतको कार्य ४ (आयुश एण्ड निशा कन्स्ट्रक्सन)	४२३७७१	१२००	ल्याब बिल
६६।०८१।११।२८	नाराको पुलदेखि संतोष चौरसियाको गोठसम्म सडक ढलान कार्य (आशिष निर्माण)	९३८१५५	१५००	ल्याब बिल
३१७।०८२।०३।२५	नाला तथा सडक ढलान उ.स.१	१९३८६५६	१५००	ल्याब बिल
जम्मा			**८५००**	

असुल गर्नुपर्ने	८,५००

४८ (०२-2082-03-25):

कार्य सम्पन्न प्रतिवेदन – प्रदेश पूँजीगत, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताव तथा कार्य सम्पन्न प्रतिवेदनमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले निम्नानुसार कार्यको लागि सम्झौता, नापी किताब तथा प्राविधिक कार्य सम्पन्न प्रतिवेदन तयार नगरी सो वापत खर्च लेखेको रु. ८०००००० को पुष्टि हुने आधार पेश नभएकोले सो कार्यको प्राविधिक मूल्याङ्कन तथा कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु.

विवरण	भुक्तानी रु.	कैफियत
गा.पा.को ५ वटै वडाहरुमा कृषि विद्युतीकरणको कार्य (नेपाल विद्युत प्राधिकरण पोखरिया वितरण केन्द्र)	८००००००	सम्झौता, नापी किताब तथा प्राविधिक कार्य सम्पन्न प्रतिवेदन लगायतको प्रमाण पेश भएको पाइएन।
	प्रमाण पेश नगरेको	८०,००,०००

४९ **नर्म्सको प्रयाग -** सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ अनुसार खरिद कार्यमा मितव्ययीता अपनाउनुपर्ने व्यवस्था रहेको छ। पालिकाले निर्माण गरेबापत सम्बन्धित कार्यमा तालुक निकायले स्वीकृत गरेको नर्म्स बमोजिम खर्च गर्नुपर्दछ। सडकको कार्यमा सडक बिभागले बनाएको नर्म्स र भवनमा भवनको नर्म्स प्रयोग गर्नुपर्नेमा सो भन्दा बढी नर्म्स प्रयोग गरी भुक्तानी दिएको पाइएकोले सम्बन्धितलाई PCC for RCC ढलान M15 (१:२:४) कार्यको लागि बढी रु. ७०६९९३ भुक्तानी गरी थप व्ययभार परेको नियमसम्मत नदेखिएको रु.

भौ.नं.र मिति	विवरण	भुक्तानी दर	नर्म्स अनुसार भुक्तानी हुनुपर्ने दर	परिमाण (घ.मी.)	फरक दर	व्ययभार रु.
३०।०८१।०९।१२	पि.सि.सि. ढलान वडा नं. ४ (आरिया कन्स्ट्रक्सन)	१२७८०	१०२८०	२८.६९	२५००	७१७२५
४३।०८१।११।११	राजदेव यादवको घरदेखि मुख्य सडकसम्म सडक ढलान (रितिका एण्ड अमित कन्स्ट्रक्सन)	१२७८०	१०२८०	१८.३२	२५००	४५८००
४८।०८१।११।१७	सडक ढलान कार्य ५ (शिव गोविन्द निर्माण सेवा)	१२७८०	१०२८०	१५.८३	२५००	३९५७५
५०।०८१।११।१७	जगदिश महतोको घरदेखि संतुको घरसम्म बाटो ढलान (एम.के.कन्स्ट्रक्सन)	१२७८०	१०२८०	२१.८७	२५००	५४६७५
५५।०८१।११।२३	अमरेश साहको घरदेखि रामध्यानको घरसम्म सडक ढलान समेतको कार्य ४ (आयुष एण्ड निशा कन्स्ट्रक्सन)	१२७८०	१०२८०	९.९१	२५००	२४७७५
६६।०८१।११।२८	नाराको पुलदेखि संतोष चौरसियाको गोठसम्म सडक ढलान कार्य (आशिष निर्माण)	१२७८०	१०२८०	४०.२२	२५००	१००५५०
३१७।०८२।०३।२५	नाला तथा सडक ढलान उ.स.१	११७३७	९४७६	८०.३६	२२६१	१८१६९३
१७।०८२।०३।०५ र १७५।०८२।०३।०५	वडा नं. ४ को आत्माराम पथ देखि ठूलो लहावर थकरीसम्म सडक ढलान (कालिका निर्माण सेवा)	१२७८०	१०२८०	२४.९०	२५००	६२२५०
१८।०८२।०३।०५ र १७५।०८२।०३।०५	वडा नं. ४ मा आर.सि.सि. ढलान (आर.वि.कन्स्ट्रक्सन)	१२७८०	१०२८०	२४.९५	२५००	६२३७५
१९।०८२।	वडा नं. २ को आत्माराम पथ मधुवनी	१२७८०	१०२८०	२५.४३	२५००	६३५७५

०३।०५ र १७५।०८२। ०३।०५	देखि धोरेसम्म आर.सि.सि. ढलान (शलौनी कन्स्ट्रक्सन)					
जम्मा						**७०६९९३**

अनियमित भएको	७,०६,९९३

५० **अन्य निकायका खर्च –** पालिकाले आफ्नो स्रोत तथा साधनको अधिकतम उपयोग एवं सदुपयोग गर्नुपर्दछ। देहाय अनुसारको खर्चलाई अधिकतम प्रतिफल एवं दिगो उपयोगिता दिने पालिका भित्र मात्र खर्च गर्नुपर्नेमा अन्य निकायतर्फ रु. १०७०४११ खर्च लेखेको उक्त कार्य नियमसम्मत नदेखिएको रु.

भौ.नं.र मिति	विवरण	सप्लायर्स	खर्च रु.
३३१।०८२।०३।२५	मालपोत कार्यालय पोखरियाको लागि सोलार ब्याक अप सिस्टम जडान	कोबाल्ट इन्टरनेशनल प्रा.लि.	९३७३३१
हस्तान्तरण फाराम नं. ६ मिति २०८२।०१।२९	भूमिसुधार तथा मालपोत कार्यालय, पर्सा	कम्प्युटर, मोनिटर, प्रिन्टर लगायतका सामग्री	१३३०८०
जम्मा			**१०७०४११**

अनियमित भएको	१०,७०,४११

५१ **क्षतिपूर्ति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा खरिद सम्झौतामा तोकिएको म्यादभित्र कार्य सम्पन्न नगरेमा पूर्व निर्धारित क्षतिपूर्ति (दैनिक०.०५ प्रतिशतको दरले सम्झौता रकमको)लिनुपर्ने व्यवस्था छ। पालिकाले देहाय बमोजिमको आपूर्तिकर्तासँग सार्वजनिक खरिद ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम हुनेगरी बिभिन्न सामग्री आपूर्ति गर्नेगरी खरिद सम्झौता गरेकोमा आपूर्तिकर्ताले सम्झौता अवधिभित्र सामग्री आपूर्ति गरेको देखिदैन। यसर्थ, देहाय अनुसार रु. २४७०० सम्बन्धितबाट क्षतिपूर्ति असूल गर्नुपर्ने देखिएको रु.

भौ.नं. र मिति	विवरण	आपूर्तिकर्ता	सम्झौता रु.	सम्झौता अवधि	ढिला आपूर्ति अवधि	क्षतिपूर्ति रु.
६१। ०८१। ११।२८	श्री मान्सामाई ईन्द्रदेव चौरसिया ने.रा.प्रा.वि.को भवन निर्माणको डि.पि.आर.	राजगढ इन्फ्राटेक एण्ड एग्री प्रा.लि.	४२१६३२	२०८१। ०८।१५ गतेसम्म	२०८१।१०। ०३ मा सम्पन्न गरी ४८ दिन ढिलो	१०११९
१९१। ०८२। ०३।११	वडा नं. १ मा चापाकल खरिद तथा वितरण २७ थान	प्रि. प्रजापति सप्लायर्स	४७८०६०	२०८१। ११।२६ गतेसम्म	२०८२।०१। २७ मा सम्पन्न गरी ६१ दिन ढिलो	१४५८१
जम्मा						**२४७००**

असुल गर्नुपर्ने	२४,७००

५२ **बढी भुक्तानी –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ अनुसार निर्माण कार्यको कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम खर्च

लेख्दा खर्चको बील भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। पालिकाले देहाय अनुसारको कार्यमा कार्य सम्पन्न, नापी किताब वा बील भन्दा बढी भुक्तानी भएको रु. १६६६३८५ सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने देखिएको रु.

भौ.नं. र मिति	**विवरण**	**भुक्तानी गर्नुपर्ने रु.**	**भुक्तानी रु.**	**बढी भुक्तानी रु.**
१४।०८१। ०८।१९	वडा नं. ४ अन्तर्गत बिभिन्न स्थानमा सडक मर्मत कार्य (आनन्द कन्स्ट्रक्सन)	९०६८५२	९२०७९०	१३९३८
ठे.नं.०१। ०८०।०८१	श्री राम चरित्र भगत माविको भवन निर्माण ३ (द्विवेदी।नितु। आर.पि.ए.जे.भी.)	१७४७६३१७	१९१२५३१६	१६४८९९९
१७८।०८२। ०३।०५	इलेक्ट्रीक स्प्रे टंकी खरिद तथा वितरण ५ (सोमनाथ सप्लायर्स)	३४६५५२	३५००००	३४४८
जम्मा				**१६६६३८५**

असुल गर्नुपर्ने	१६,६६,३८५

५३ **वितरणमुखी कार्यक्रम –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाले पूँजी सृजना नहुने खालका वितरणमुखी खर्चलाई निरुत्साहित गर्दै अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ। यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने र उत्पादनमा समेत वृद्धि नगर्ने किसिमका खर्च रु. २८५७३६१ भुक्तानी दिएको पाइयो। यस्ता सामग्री कोटेशनबाट सोझै खरिद गरेको देखिन्छ। तसर्थ, यस्ता वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपर्दछ।

सि.नं.	**भौ.नं.र मिति**	**विवरण**	**सप्लायर्स**	**भुक्तानी रु.**
१.	१७६। ०८२। ०३।०५	चापाकल खरिद तथा वितरण २९ थान	ईनु ट्रेडर्स	४७५६७९
२.	१७८। ०८२। ०३।०५	इलेक्ट्रीक स्प्रे टंकी खरिद तथा वितरण ५ मा ६३ थान	सोमनाथ सप्लायर्स	३५००००
३.	१८२। ०८२। ०३।०९	ठूलो साइजको सिलाई मेसिन खरिद तथा वितरण ६० थान	प्रशन्न कन्स्ट्रक्सन एण्ड सप्लायर्स कन्सल्टेन्सी प्रा.लि.	७७९७००
४.	१९१। ०८२। ०३।११	वडा नं. १ मा चापाकल खरिद तथा वितरण २७ थान	प्रि. प्रजापति सप्लायर्स	४७८०६०
५.	३२९। ०८२। ०३।२५	ह्युम पाइप खरिद तथा वितरण १ देखि ५ वडासम्मका लागि ३० थान ६०० mm र ३२ थान ९०० mm	सत्यम निर्माण सेवा	७७३९२२
जम्मा				**२८५७३६१**

५४ **स्थलगत अवलोकन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ (२क) अनुसार कार्य स्वीकार प्रतिवेदन तयार गर्नुपर्ने तथा पालिकाले सम्झौता गरेका देहाय अनुसार योजनाको स्थलगत अनुगमन गर्दा प्रगति पूर्ण हासिल नगरी भौतिक संरचना अधुरो एवं प्राविधिक कार्य सम्पन्न प्रतिवेदन तयार गरी मूल्याङ्कन बमोजिम भुक्तानी दिएकोमा पालिकाले

उक्त निर्माण संरचनाको बजेट, लागत अनुमान, अनुगमन प्रणाली एवं उपयोगिता सृजना गर्नेगरी सम्बन्धितलाई जिम्मेवार बनाई प्रगति हासिल गर्नुपर्दछ।

क्र.सं.	विवरण	भुक्तानी रु.	भौतिक प्रगति %	कैफियत
१	वडा नं. ४ मा अधुरो भवानीमाई मन्दिर निर्माण उ.स.	१८३९७३०	६०	बिभिन्न फिनिसिङ्ग तथा ढोका लगायतको कामहरु बाँकी

५५ **कार्य सम्पन्न प्रतिवेदन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताव तथा कार्य सम्पन्न प्रतिवेदनमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले निम्नानुसार कार्यको लागि प्राविधिक कार्य सम्पन्न प्रतिवेदन तयार नगरी सो वापत खर्च लेखेको रु. २२२५७४२ को पुष्टि हुने आधार पेश नभएकोले सो कार्यको प्राविधिक मूल्याङ्कन पेश हुनुपर्दछ।

भौ.नं.र मिति	विवरण	भुक्तानी रु.	कैफियत
१७६। ०८२।०३। ०५	चापाकल खरिद तथा वितरण २९ थान (ईनु ट्रेडर्स)	४७५६७९	कार्य सम्पन्न प्रतिवेदन पेश भएको पाइएन।
१९१। ०८२।०३। ११	वडा नं. १ मा चापाकल खरिद तथा वितरण २७ थान (प्रि. प्रजापति सप्लायर्स)	४७८०६०	कार्य सम्पन्न प्रतिवेदन पेश भएको पाइएन।
२०४। ०८२।०३। १५	आ.वि. तथा मा.वि.मा सि.सि.टि.भि. क्यामेरा तथा डिजिटल हाजिरी मेसिन जडान (अनुराग सप्लायर्स प्रा.लि.)	४९८०८१	कार्य सम्पन्न प्रतिवेदन पेश भएको पाइएन।
३२९।०८२। ०३।२५	ह्युम पाइप खरिद तथा जडान वडा नं. १ देखि ५ सम्म (सत्यम निर्माण सेवा)	७७३९२२	कार्य सम्पन्न प्रतिवेदन पेश भएको पाइएन।
जम्मा		**२२२५७४२**	

५६ **कार्य सम्पन्न नभएका** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण कार्य सम्झौताको म्यादभित्र सम्पन्न गर्न नसकेमा सम्झौता रकमको दैनिक ०.०५ प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति असूल गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहाय अनुसारका योजनाकोकार्य सम्पन्न गर्नुपर्नेमा बिभिन्न कारण देखाई हालसम्म उक्त कार्य सञ्चालनमा नरहेको, सोको म्याद थप नभएको तथा लेखापरीक्षण अवधिसम्म ती योजनाको कार्य सम्पन्न प्रतिवेदन पेश नभएको हुँदा उक्त कार्य ढिलो भएकोले तोकिएको समयमा सम्झौता अनुसार कार्यालयले कार्य सम्पन्न नगराउनु उचित देखिएन।

ठे.नं.	विवरण	सम्झौता रु. (भ्याट सहित)	सम्पन्न गर्नुपर्ने मिति	हालसम्मको भुक्तानी रु.	ढिलो भएको अवधि
०२। ०८१। ०८२	अधुरो प्रशासकीय भवन निर्माण (दबंग कन्स्ट्रक्सन) सम्झौता मिति २०८२।०३।१०	३७०४११६	२०८२। ०७।३०	०	२ महिना
०१। ०८१। ०८२	सिक्टा पुलको झोलुङ्गे पुल निर्माण (भगवती स्टील इण्डष्ट्रीज प्रा.लि.) सम्झौता मिति २०८२।०३।०४	२३१००१२	२०८२। ०७।३०	३८४१४९	२ महिना

५७ **प्रमाण पेश गर्नुपर्ने -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ अनुसार मालसमान तथा उपकरणको निरीक्षण एवं परीक्षण गरी भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले निम्नानुसारको भुक्तानी कैफियतमा उल्लिखित केही प्रमाण कागजात बेगर रु. ६४७५३०३ भुक्तानी दिएको देखियो। अतः बजेट खर्च गर्दा खर्चका यथेष्ट प्रमाणका आधारमा भुक्तानी दिनुपर्दछ।

क्र.सं.	भौ.नं.र मिति	नाम	विवरण	खर्च रु.	कैफियत
१.	७। ०८१। ०८।०३	नेपाल विद्युत प्राधिकरण, पोखरिया वितरण केन्द्र	पालिकाभरी कृषि विद्युत मिटर	३५००००	सूचक सहितको अनुगमन प्रतिवेदन पेश भएको पाइएन।
२.	३०। ०८१। ०९।१२	आरिया कन्स्ट्रक्सन	पि.सि.सि. ढलान वडा नं. ४	७५३६९७	कोर कटर प्रयोग गरेको पाइएन।
३.	४३। ०८१। ११।११	रितिका एण्ड अमित कन्स्ट्रक्सन	राजदेव यादवको घरदेखि मुख्य सडकसम्म सडक ढलान	५२१४७४	कोर कटर प्रयोग गरेको पाइएन।
४.	४८। ०८१। ११।१७	शिव गोविन्द निर्माण सेवा	सडक ढलान कार्य ५	४७२४७९	कोर कटर प्रयोग गरेको पाइएन।
५.	५०। ०८१। ११।१७	एम.के.कन्स्ट्रक्सन	जगदिश महतोको घरदेखि संतुको घरसम्म बाटो ढलान	५६३५११	कोर कटर प्रयोग गरेको पाइएन।
६.	६६। ०८१। ११।२८	आशिष निर्माण	नाराको पुलदेखि संतोष चौरसियाको गोठसम्म सडक ढलान कार्य	९३८१५५	कोर कटर प्रयोग गरेको पाइएन।
७.	३३१। ०८२। ०३।२५	कोबाल्ट इन्टरनेशनल प्रा.लि.	मालपोत कार्यालय पोखरियाको लागि सोलार ब्याक अप सिस्टम जडान	९३७३३१	इन्स्पेक्सन रिपोर्ट पेश भएको पाइएन।
८.	३१७। ०८२। ०३।२५	नाला तथा सडक ढलान उ.स.१	आर.सि.सि.सडक ढलान	१९३८६५६	कोर कटर प्रयोग गरेको पाइएन।
जम्मा				**६४७५३०३**	

५८ **कार्य सम्पादन जमानत -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(४) मा कार्य सम्पादन जमानतको म्याद मर्मत सम्भार अवधि भन्दा १ महिना बढी अवधि हुनुपर्ने व्यवस्था छ। पालिकाले देहाय बमोजिमको निर्माण कार्य गर्न निर्माण व्यवसायीसँग सम्झौता गर्दा मर्मत सम्भार अवधि ३६५ दिन हुने भनि उल्लेख गरेकोमा पेश गरेको कार्य सम्पादन जमानतको अवधि नियमावलीले तोकेको भन्दा कम अवधिको भएकोले नियमावलीमा भएको व्यवस्था बमोजिम मर्मत सम्भार अवधि भन्दा १ महिना बढी अवधि भएको रु. ५७७००० को कार्य सम्पादन जमानत पेश गर्नुपर्दछ।

ठे.नं.	योजनाको नाम	फर्म	कार्य सम्पादन जमानतको विवरण	अवधि भएको	हुनुपर्ने अवधि	रकम रु.
२। ०८१। ०८२	अधुरो प्रशासकीय भवन निर्माण	दबंग कन्स्ट्रक्सन	१ वर्ष घटीको कार्य सम्पादन जमानतको म्याद	२०८२। ०९।०८	२०८३। ०९।०५	२३६५००
२। ०८१। ०८२	अधुरो प्रशासकीय भवन निर्माण	दबंग कन्स्ट्रक्सन	३ महिना घटीको कार्य सम्पादन जमानतको म्याद	२०८३। ०६।०६	२०८३। ०९।०५	१८५५००
१। ०८१। ०८२	सिक्टा पुलको झोलुङ्गे पुल निर्माण	भगवती स्टील इण्डष्ट्रीज प्रा.लि.	२१ दिन घटीको कार्य सम्पादन जमानतको म्याद	२०८३। ०८।१५	२०८३। ०९।०६	३३५०००
जम्मा						५७७०००

५९ **मर्मत तर्फ** -

५९.१ **सवारी साधन तथा मेशीनरी औजार मर्मत र सम्भार खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ वमोजिम सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरी संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गरी वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ । पालिकाले पेश गरेको विवरण अनुसार पालिकासँग १ वटा स्कारपियो,१ वटा भाडाको गाडी, २ वटा एम्बुलेन्स, १ वटा टिपर, १ वटा जेसीबी, १ वटा ट्रयाक्टर, १ वटा जेनेरेटर तथा १८ वटा मोटरसाईकल सञ्चालनमा रहेका छन् ।पालिकाले सवारी साधन वाइजको मर्मत तथा सम्भारको स्थायी अभिलेख र लगसिट तयार नगरी विभिन्न फर्महरु तथा कर्मचारीहरुले बील पेश गरेकै आधारमा यो वर्ष सवारी साधन,मेशिनरी औजार संचालन तथा सम्भारमा रु. ३३ लाख ७४ हजार खर्च लेखेको छ ।उक्त रकम पालिकाको आन्तरिक आय रु. ८०२५२९२।६२ को तुलनामा ४२.०४ प्रतिशत रहेको छ । यसरी सवारी साधन मर्मत गर्दा सम्बन्धित सवारी चालकबाट मर्मत गर्नुपर्ने मनासिव कारण सहितको मर्मत आदेश फाराम तथा प्राविधिक पक्षबाट मर्मत गर्न लाग्ने लागत अनुमान तयार गरी प्रतिस्पर्धात्मक र मितव्ययी तवरले मर्मत सम्भार गराउनुपर्नेमा सो बमोजिम गरेको देखिदैन । अतः पालिकाले सवारी साधन र मेशिनरी औजारहरुको मर्मत तथा सम्भारको स्थायी अभिलेख र लगसिट तयार तथा प्रचलित कानुनको पालना गरी सार्वजनिक खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ ।केही उदाहरण निम्नानुसार छन् ।

गो.भौ.नं र मिति	भुक्तानी पाउने	रकम	कैफियत
५८२।२०८२।०१।२०	पावर ईन्जिनियरिङ ट्रेड सेन्टर	३०५७७	१५ KW महिन्द्रा जेनेरेटर मर्मत
६३७।२०८२।०२।०१	कार फैशन सेन्टर	७०२००	ना १ झ १६८६ नं को स्कारपियो मर्मत
६४१।२०८२।०२।०१	न्यू कार फैशन सेन्टर	९९२१४	ना १ झ १६८६ नं को स्कारपियो मर्मत
८१७।२०८२।०३।१४	रुची ट्रेड एण्ड ईन्टरप्राईजेज	४६१२६	बा २ झ ४००१ नं को एम्बुलेन्स मर्मत
९३६।२०८२।०३।२४	मिलेनियम आईटी सोलुशन	९४४०५	प्रिन्टर, डेस्कटप मर्मत
९८६।२०८२।०३।३२	अनिल कुमार	१०००००	पालिकाको टिपर तथा जेसीबी मर्मत
५२५।२०८१।१२।३१	भोला मोटर वर्कशप	४३८३६०	ना १ ग ७४१ नं को जेसीबी मर्मत

५९.२ **कार/जीप र मोटरसाइकलको मर्मत खर्च** - संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नमूना कानून पठाइएको सम्बन्धमा गाउँपालिका/नगरपालिकाको कार्यसंचालन निर्देशिका,२०७७ बमोजिम पालिकाले निर्देशिका तयार गर्नुपर्नेमा तयार नगरेको तथा उक्त निर्देशिका बमोजिम कार/जीपको वार्षिक रु. ५० हजार र स्कुटि/मोटरसाइकलको लागि वार्षिक रु.१० हजार नबढने गरी मर्मत खर्च

उपलब्ध गराउनुपर्नेमा पालिकाले निर्देशिका बनाएको देखिएन।पालिकाले निर्देशिका तयार गरी उक्त कानूनअनुसार चारपांग्रे र मोटरसाइकल/स्कुटिको मर्मत खर्च उपलब्ध गराइ मर्मत खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ ।

६० **ईन्धन तर्फ -**

६०.१ **ईन्धन खर्च -** पालिकाले यो वर्ष इन्धन (कार्यालय प्रयोजन) तर्फ रु. २८ लाख, इन्धन (पदाधिकारी) तर्फ रु. १८ लाख र ईन्धन अन्य प्रयोजन तर्फ रु. ३ लाख गरी जम्मा रु. ४९ लाख खर्च लेखेको छ । उक्त रकम पालिकाको आन्तरिक आय रु. ८०२५२९२।६२ को तुलनामा ६१.०६ प्रतिशत रहेको छ । पालिकाले पेश गरेको विवरण अनुसार पालिकासँग १ वटा स्कारपियो,१ वटा भाडाको गाडी, २ वटा एम्बुलेन्स, १ वटा टिपर, १ वटा जेसीबी, १ वटा ट्र्याक्टर, १ वटा जेनेरेटर तथा १८ वटा मोटरसाईकल सञ्चालनमा रहेका छन् । पालिकाले इन्धन वापत खर्च लेख्दा सवारी प्रयोगकर्ताको गन्तब्य स्थान, दुरी, समय र इन्धन खपत बीच सामजस्यता हुने गरी व्यवस्थित तवरले सवारी लगबुक राख्नुपर्नेमा पालिकाले व्यवस्थित लगबुक पेश गरेको पाइएन। ईन्धनको बीलहरु समेत व्यवस्थित रुपमा राखेको पाईएन ।साथै लेखापरीक्षणको क्रममा कुन-कुन सवारी साधनमा के कति मात्रामा इन्धन खपत भएको छ भनी इन्धन खपतको लगत पेश गर्न भनिएकोमा पालिकाले उपलब्ध नगराएको हुँदा इन्धन खर्च मितव्ययी तरिकाले उपयोग भएको छ भनि यकिन गर्न सकिएन ।अतः पालिकाले इन्धन खर्च लेख्दा सवारी साधन वाइज सवारी प्रयोगकर्ताको गन्तब्य स्थान, दुरी, समय र इन्धन खपत बीच सामजस्यता हुने गरी व्यवस्थित तवरले सवारी लगबुक राख्नुपर्ने तथा एकद्वार प्रणालीबाट इन्धनको अर्डर स्लीपहरु काट्नुपर्ने र भुक्तानी दिदा पालिकाबाट जारी भएका अर्डर स्लीपहरु र फर्महरुले पेश गरेको बीजकहरु भिडान गरी इन्धन खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।पर्याप्त अभिलेख र प्रमाण बेगर ईन्धन खर्च भुक्तानी गर्नु उचित होईन ।

६०.२ **इन्धनको दर -** पालिकाले यस वर्ष इन्धनमा रु. ४९ लाख खर्च गरेको छ । इन्धन आपूर्तिकर्ताले नेपाल आयल निगमबाट तोकिएको दरमा इन्धनको बिल जारी गर्नुपर्नेमा सो अनुसार नगरी लामो अवधिको एकैपटक बिल जारी गरेको र सोही अनुसार भुक्तानी भएकोले सम्बन्धित अवधिको तोकिएको दर भन्दा बढी दरमा भुक्तानी हुन सक्ने देखिन्छ । यस सम्बन्धमा थप अध्ययन गरी बढी भुक्तानी भएको अवधिको सम्बन्धमा पालिकाबाट एकीन गर्नुपर्दछ ।जसका केही उदाहरणहरु यस प्रकार छन् ।

क्र.सं.	**गो.भौ.नं./ मिति**	**ईन्धन आपूर्तिकर्ताको नाम**	**रकम रु.**
१	४५।२०८१।०७।१०	पवनपुत्र आयल ईन्टरप्राईजेज	२०२१४३
२	४६।२०८१।०७।१०	पवनपुत्र आयल ईन्टरप्राईजेज	३८३०९०
३	२०५।२०८१।०९।०९	पवनपुत्र आयल ईन्टरप्राईजेज	८६०८७६
४	३०४।२०८१।११।१५	पवनपुत्र आयल ईन्टरप्राईजेज	३९८८००
५	४१६।२०८१।११।२९	पवनपुत्र आयल ईन्टरप्राईजेज	३८४०५२

६०.३ **पदाधिकारी इन्धन -** स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन.२०७७ को दफा ४ मा पदाधिकारीलाई सवारी साधन उपलब्ध गराएकोमा त्यस्तो सवारी साधनलाई अनुसूचि बमोजिमको गाउँपालिका अध्यक्ष तथा उपाध्यक्षलाई मासिक १०० लि. र वडा अध्यक्षलाई मासिक २५ लि. इन्धन उपलब्ध गराउने व्यवस्था छ । साथै सवारी साधन उपलब्ध नभएका पदाधिकारीलाई अनुसूची बमोजिमको यातायात खर्च पाउने तर इन्धन खर्च नपाउने उल्लेख छ ।यस पालिकाले इन्धन पदाधिकारी शीर्षकमा रु.१८ लाखको इन्धनको बिल समावेश गरी खर्च गरेको छ ।पालिकाबाट प्राप्त विवरण अनुसार गाउँपालिकाका अध्यक्ष बाहेक अन्य पदाधिकारीलाई यस आर्थिक वर्षमा सवारी साधन तथा मोटरसाइकल उपलब्ध नगराई यातायात खर्च भुक्तानी गरेको छ ।यसरी अध्यक्षले प्रयोग गर्ने एक गाडीको अनुसूची बमोजिम अधिकतम १२०० लि. को प्रति लि. औसत रु.१६५ को दरले जम्मा रु. १९८०००।० इन्धनको भुक्तानी हुने देखिन्छ ।तोकिएको इन्धन कोटा भन्दा रु. १६०२०००।० बढी खर्च गरेको नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	१६,०२,०००

६१ **विविध खर्च** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चको पुष्टि गर्ने बील,भरपाई,प्रमाण र कागजात संलग्न गर्नुपर्दछ । यो वर्ष पालिकाको कार्यालय र वडा तर्फ गरी रु. ४९ लाख २८ हजार विविध खर्च गरेको छ ।उक्त रकम पालिकाको आन्तरिक आय रु. ८०२५२९२।६२ को तुलनामा ६१.४१ प्रतिशत रहेको छ । यसरी खर्च लेख्दा खर्च गरेको रकमको विल र भुक्तानी पाउनेको निवेदन पेश गरे तापनि खर्च गर्नुपर्ने आधार स्पष्ट गर्ने गरेको देखिएन अर्थात गोश्वरा भौचर साथ बील मात्र राखि बीलकै आधारमा विभिन्न व्यक्तिहरु तथा फर्महरुलाई भुक्तानी भएको देखिन्छ । विविध खर्च बापतको यस्तो रकम खाजा, नास्ता तथा अतिथी सत्कार, मेला, छठघाट र पुजा पाठ जस्ता विविध शीर्षकमा खर्च गरेको छ । विविध शीर्षकबाट खर्च गर्न सकिने क्रियाकलापहरुको योजना, लागत अनुमान, टिप्पणी अनुमोदन गरी कार्यक्रममा भएको खर्च, होटल बास, अतिथि सत्कार जस्ता कार्यक्रममा कहाँ,कसलाई,कहिले,के कति खर्च गरेको सोको स्पष्ट आधारको रुपमा प्रमाण स्वीकृत तथा आन्तरिक आम्दानीलाई समेत विचार गरी खर्च लेख्नुपर्ने र उचित कारण तथा औचित्य बिना बिल पेश गरेकै भरमा भुक्तानी दिने परिपाटिमा नियन्त्रण गर्न जिम्मेवार पक्षको ध्यान जानुपर्ने देखिन्छ ।विविध खर्चका केही उदाहरण निम्न अनुसार रहेका छन् ।

गो.भौ.नं र मिति	भुक्तानी पाउने	विवरण	रकम रु.
२७।२०८१।०७।०६	अन्नपूर्ण होटल	विभिन्न समयमा कार्यालयमा खाना/नास्ता आपूर्ति बापत	४१२६४
६१।२०८१।०७।१२	अर्चना स्वीट्स	विभिन्न समयमा कार्यालयमा खाना/नास्ता आपूर्ति बापत	४३५००
६६।२०८१।०७।१३	सुरेश प्रसाद	अतिथी सत्कार	१२९३५०
२६१।२०८१।०९।२९	संजय प्रसाद चौहान	विभिन्न मितिमा खाजा बापत	४१८००
४९८।२०८१।१२।२५	श्रीर सागर स्वीट्स	विभिन्न मितिमा खाजासेट उपलब्ध गराएबापत	३९३००
२०३।२०८१।०९।०८	राम बहादुर प्रसाद बरै	बैठकमा खाजा	५००००
७२६।२०८२।०२।२८	ताजेश्वर प्रसाद कोईरी	बैठकमा खाजा	५००००
८३०।२०८२।०३।१६	नग नारायण साह	बैठकमा खाजा	६९४२५
८५५।२०८२।०३।१९	शिवशंकर साह	बैठकमा खाजा	६९९००

६२ **भाडा तर्फ** -

६२.१ **भाडा** - भाडामा प्रयोग भएका सामानहरुको आय व्ययको नियन्त्रण र अभिलेख राख्न म.ले.प. फारम नं. ४१६ को ढाँचामा अभिलेख किताब राख्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न प्रयोजनको लागि घर भाडा वापत रु. ५६३०००।० र कार्यालय प्रयोजनको लागि गाडी भाडा वापत रु. १५०००००।०० गरी जम्मा रु.२०६३०००।० खर्च गरेको छ । स्वीकृत म.ले.प. फारम प्रयोग गरी भाडामा भएको खर्चको नियन्त्रण तथा व्यवस्थित अभिलेख राख्नुपर्ने तथा खरिद नियमावलीमा तोकिएको प्रक्रिया अपनाई भाडा लिने कार्य गर्नुपर्दछ ।

६२.२ **कार्यपालिका निर्णय** - संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नमुना कानून पठाइएको सम्बन्धमा गाउँपालिका/ नगरपालिकाको कार्यसंचालन निर्देशिका,२०७७ बमोजिम पालिकाले निर्देशिका तयार गर्नुपर्नेमा तयार नगरेको तथा उक्त निर्देशिका बमोजिम घर भाडा लिंदा कार्यपालिकाको निर्णयको आधारमा घर भाडा लिनुपर्दछ ।पालिकाले देहायको घर धनिको घर भाडामा लिदा कार्यपालिका निर्णयको आधारमा घर भाडा लिएको देखिएन ।पालिकाले निर्देशिका तयार गरी उक्त कानूनअनुसार घर भाडा लिनुपर्दछ ।

६२.३ **गाडी भाडा** - सार्वजनिक खरिद नियमावली, २०६३ को नियम १३ (२) मा सवारी साधन भाडामा लिने प्रयोजनार्थ सो सम्बन्धी ज्ञान भएका दक्ष प्राविधिकहरुको समिति गठन गर्नुपर्ने व्यवस्था छ । त्यस्तै उपनियम ३ मा समितिले लागत अनुमान तयार गर्दा भाडामा लिने

सवारी साधनको विवरण, स्पेशिफिकेसन, अवस्था र आयु. प्रचलित बजार दर भाडामा लिने अवधि, इन्धनको मूल्य र खपत जस्ता विषयहरुलाई विचार पुर्याउनुपर्ने उल्लेख छ । कार्यालयले पेश गरेको विवरणअनुसार १ वटा गाडी रहेकोमा यो वर्ष कार्यालय प्रयोजनको लागि जिल्ला दररेटको आधारमा प्रतिस्पर्धाको माध्यमवाट मधेश प्रदेश ०३-००१ च ७८४१ नं को सवारी साधन स्कारपियो भाडामा लिई मासिक रु. १२५०००।०० को दरले रु. १५०००००।०० खर्च गरेको छ । गाडी प्रयोगको लगबुक पेश गरेको देखिएन । कार्यालयले गाडी प्रयोगको व्यवस्थित लगबुक राख्नुपर्ने देखिन्छ ।

६३ **बढी भुक्तानी** -

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **५,१७१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

६४ **बिल भन्दा बढी भुक्तानी** -

४३०।२०८१।१२।०६ र ४३१।२०८१।१२।०६ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) अनुसार प्रमाण कागजात, बील तथा भर्पाइको आधारमा मात्रै खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाले वडा नं १ देखि ४ सम्मका कृषकहरुको लागि तरकारी खेती सम्बन्धी तालिम तथा सामान वितरण कार्यक्रम बापत सामुदायिक तालिम केन्द्र प्रा.लि.लाई बिलमा उल्लेख भएको रकम रु. ६४२१७९।० भुक्तानी गर्नुपर्नेमा रु. ६५००००।० भुक्तानी भएको देखिएकोले बिलमा उल्लेख भएको रकम भन्दा बढी भुक्तानी रकम रु. ७८२१।०० असुल गरी स्थानीय सञ्चित कोष खातामा दाखिला गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	७,८२१

६५ **प्रोत्साहन भत्ता** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानुन नबनाई २ जना कर्मचारीहरुलाई तलब स्केलको ४० प्रतिशतका दरले रु. ४२४३९०।०० र गाँउसभा तयारी भत्ता बापत ४ जनालाई १ महिनाको तलब स्केलको दरले रु. १३२९१९।०० गरी जम्मा रु. ५५७३०९।०० प्रोत्साहन भत्ता भुक्तानी गरेको छ । उक्त खर्च पालिकाको यो बर्षको आन्तरिक आय रु. ८०२५२९२।६२ को तुलनामा ६.९४ प्रतिशत रहेको देखिन्छ । कर्मचारीलाई अतिरिक्त समय काम गरेको प्रोत्साहन भत्ता वितरण गर्नका लागि अतिरिक्त समय काम गरेको विवरण विद्युतिय हाजिरीबाट राखी प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित गराउनु पर्ने व्यवस्था छ । पालिकाले हाजिरी विवरण नराखी प्रोत्साहन भत्ता वितरण गर्दा पालिकालाई रु. ५५७३०९।० व्ययभार परेको छ ।

६६ **दोहोरो भत्ता** -

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-९** को निर्णयले रू **१५,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-९** को निर्णयले रू **१२,३३७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

६७ **दोहोरो भुक्तानी** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा खर्च गर्दा खर्च पुष्टयाई हुने कागजात समेत संलग्न हुनु पर्ने व्यवस्था छ । पालिकाका अध्यक्ष सुरेश प्रसादलाई कार्तिक महिनाको पदाधिकारी सुविधा गो.भौ.नं ७०।२०८१।०७।१३ बाट कर कट्टी पछिको रु. २३७६०।०० भुक्तानी गरी पुन: गो.भौ.नं. १३८।२०८१।०८।१७ बाट सोही महिनाको भुक्तानी गरी दोहोरो पर्न गएको देखिएकोले उक्त रकम सम्बन्धितबाट असुल गरी स्थानीय सञ्चितकोष दाखिला गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	२३,७६०

६८ **भ्रमण खर्च -**

पालिकाले यस वर्ष दैनिक भ्रमण भत्ता तथा अनुगमन मूल्याङ्कनमा रु. २४ लाख ३७ हजार खर्च गरेको छ । मधेश प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्

• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको । भ्रमणको उद्देश्यमा कार्यालय कामकाज उल्लेख भए तापनि सो कामलाई प्रमाणित गर्ने कागजात संलग्न नगरेको,

• कतिपय भ्रमण आदेशहरुमा भ्रमणको उद्देश्य पनि उल्लेख नभएको,

• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकीकृत विवरण प्राप्त हुन नसकेको,

• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी भ्रमण खर्च भुक्तानी गर्ने गरेको,

• भ्रमण खर्च नियमावलीको नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची ६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख गरेकोमा सो बमोजिम नगरेको,

अतः नियमावलीमा उल्लेख भए बमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिवेदन राखेर मात्र भ्रमण खर्च लेख्ने र एकैदिन जान आउन सकिने स्थानमा बास बस्ने गरी काज खटाउने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

६९ **बढी भुक्तानी दर -**

मधेश प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन,२०७७ को दफा ३ मा पदाधिकारी तथा सदस्यले अनुसूची बमोजिमको रकममा नबढ्ने र दोहोरो नपर्ने गरी सुविधा पाउनेछन् भन्ने व्यवस्था रहेको छ । पालिकाले देहायबमोजिमका पदाधिकारीलाई दैनिक भ्रमण भत्ता बापतको रकम भुक्तानी गर्दा ऐनको अनुसूची (क) मा उल्लेख भए अनुसार अध्यक्षको प्रतिदिन भ्रमण भत्ता दर रु. १८००।०० भन्दा बढी दरमा भुक्तानी गरेकोले बढी भुक्तानी भएको रकम रु. १५५००।०० सम्बन्धितबाट असुल गरी स्थानीय सञ्चितकोष दाखिला गर्नुपर्ने रु.

क्र.स.	पदाधिकारीको नाम	पद	दैनिक भ्रमण भत्ता भुक्तानी दर	दिन	बढी भुक्तानी रकम रु.	कैफियत
१	सुरेश प्रसाद	गा.पा. अध्यक्ष	२०००	गो.भौ.नं. ९८८।२०८२।०३।३२ बाट २१ पटकको ४८ दिन र २५प्रतिशत भुक्तानी हुने २१ दिन	१०६५०	बर्दीबास, काठमाँडौ, जनकपुर, बीरगंज र रौतहट लगायतका ठाँउमा विभिन्न पटक
				गो.भौ.नं. ६७।२०८१।०७।१३ बाट ५ पटकको २३ दिन र २५ प्रतिशत भुक्तानी हुने ५ दिन	४८५०	काठमाँडौ र जनकपुर
				जम्मा	**१५५००**	

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **१,३७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	१५,५००

७० **पदाधिकारीलाई भुक्तानी** -

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १६(४)(क) बमोजिम पालिका प्रमुख/अध्यक्ष तथा पदाधिकारीको काम कर्तव्य तोकिएको छ ।उक्त ऐन बमोजिम पालिका प्रमुख/अध्यक्ष र पदाधिकारीलाई खर्चको भुक्तानी पाउने व्यवस्था छैन । पालिकाबाट निम्नानुसार कार्यको लागि देहाय बमोजिम भुक्तानी भएको नियमसम्मत देखिएन ।आगामी दिनमा यस्तो कार्यमा सुधार गर्नुपर्दछ ।

गो.भौ.नं. मिति	पदाधिकारीको नाम	प्रयोजन	भुक्तानी
६६।२०८१।०७।१३	गा.पा. अध्यक्ष सुरेश प्रसाद	विविध खर्च अतिथी सत्कार	१२९३५०
७२४।२०८२।०२।२८	गा.पा. अध्यक्ष सुरेश प्रसाद	गा.पा. स्तरीय टुर्नामेन्ट प्रतियोगिता	४०६५९५

७१ **पदाधिकारी सुविधा** -

स्थानीय तहको आन्तरिक स्रोत समेतको आधारमा सम्बन्धित सभाले पारित गरेको सुविधा तथा भत्ता भुक्तानी गर्नुपर्दछ । पालिकाले यो वर्ष पदाधिकारीको वार्षिक सुविधामा रु. ६७५१४००।०० खर्च लेखेको देखिन्छ। उक्त खर्च पालिकाको यो वर्षको आन्तरिक आय रु. ८०२५२९२।६२ को तुलनामा ८४.१२ प्रतिशत रहेको देखिन्छ।आन्तरिक स्रोत समेतको आधारमा सुविधा भुक्तानी हुनुपर्नेमा पालिकाले नेपाल सरकार समानिकरण र राजस्व बाँडफाँडबाट खर्च व्यहोरेको देखिन्छ । तसर्थ पालिकाले आन्तरिक आय बढाई यस्तो खर्चलाई आन्तरिक आयको निर्दिष्ट सिमाभित्र राख्नुपर्दछ ।

७२ **वडाको कार्यसञ्चालन खर्च** -

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७३(६) मा प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ ।त्यस्तै पालिकाले वडाको कार्यसंचालन खर्चको लागि स्पष्ट मापदण्ड बनाई सो आधारमा बजेट व्यवस्था हुनुपर्दछ । पालिकाले वडाको कार्यसंचालन अन्तर्गत ५ वडा कार्यालयहरुमा चियापान र खाजा नास्तामा र मसलन्द सामाग्रीमा रु. १६ लाख खर्च भुक्तानी गरेको छ । पालिका र वडाले पनि मसलन्द तथा कार्यालय सामग्रीमा खर्च गरेकोले एउटै शीर्षकमा खर्च गरेकोले दोहोरो खर्च हुने देखिन्छ ।खर्चको रकम सोझै आपूर्तिकर्तालाई भुक्तानी दिनुपर्नेमा वडा सचिवलाई भुक्तानी दिएको छ ।यसले गर्दा खर्चमा पारदर्शिता कायम भएको देखिएन । पालिकाले वडाको कार्यसंचालनको लागि स्पष्ट मापदण्ड बनाई शीर्षकगत रुपमा आवश्यकताको पहिचान गरी बजेट व्यवस्थापन गरी बिलको रकम सोझै आपूर्तकलाई भुक्तानी हुने व्यवस्था गर्नुपर्दछ । वडाको कार्यसंचालनको अधिकतम रकम खाजा र खाना शीर्षकमा बढी खर्च भएको र सो खर्च पुष्टि गर्ने प्रमाण संलग्न भएको देखिएन । पालिकाले खर्च पुष्टि हुने आधार प्रमाण संलग्न गरी मितव्ययी तवरले खर्च गर्नुपर्दछ ।

७३ **कर्मचारीलाई भुक्तानी** -

नेपाल सरकार अर्थ मन्त्रालयको बजेट कार्यान्वयन सम्वन्धी मार्गदर्शनको निर्देशन नं ४५ मा सवै प्रकारका कारोवारको भुक्तानी दिदा अनिवार्य रुपमा बैंक मार्फत भुक्तानी दिनुपर्ने व्यवस्था छ।नमूना परीक्षणको रुपमा पालिकाले खर्चको भुक्तानी दिदा सम्बन्धित सप्लायर्सको वैंक खातामा भुक्तानी नदिई विभिन्न कर्मचारीलाई भुक्तानी दिएको छ। सार्वजनिक खर्चको भुक्तानी दिँदा सम्वन्धित व्यक्ति, फर्म वा सप्लायर्सको वैंक खातामा भुक्तानी दिने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।जसका केही उदाहरण निम्नानुसार छन् ।

क्र.सं.	गो.भौ.नं. मिति	भुक्तानी पाउने	विवरण	रकम रु.
१	२०३।२०८१।०९।०८	रामबहादुर प्रसाद बरै	विविध खर्च	५००००
२	७२६।२०८२।०२।२८	ताजेश्वर प्रसाद कोईरी	विविध खर्च	५००००
३	८३०।२०८२।०३।१६	नग नारायण साह	विविध खर्च	६९४२५
४	८५५।२०८२।०३।१९	शिवशंकर साह	विविध खर्च	६९९००
५	१४३।२०८१।०८।१८	हरेन्द्र प्रसाद चौरसिया	वडा नं २ मा छठघाट व्यवस्थापन	३३००००
६	७६२।२०८२।०३।०३	रामबहादुर प्रसाद बरे	रामनवमी मेला व्यवस्थापन	३२९२००

७४ **समानिकरण अनुदानबाट शिक्षकको तलब भत्ता -**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। नमूना परीक्षण गर्दा पालिकाले शिक्षकहरुको दरबन्दी मिलान नगरी आवश्यकता पहिचान नगरी देहाय बमोजिम विद्यालयका स्वयंसेवक तथा निजी शिक्षकलाई समानीकरण चालुबाट देहाय बमोजिम रु. ५१८१५६१ तलब भत्ता भुक्तानी गरेको पाइयो। यसरी वित्तीय समानिकरण अनुदानबाट दरबन्दी मिलान बेगर खर्च लेख्ने कार्य नियमसम्मत नदेखिएको रु.

क्र.सं.	गो.भौ.नं. मिति	विवरण	विद्यालय	निकासा रकम
१	५२। २०८१। ०७।११	स्वयंसेवक शिक्षक, निजी स्रोत शिक्षकको तलब भत्ता, बालबिकास शिक्षक सहजकर्ता, विधालय सहायक कर्मचारी र विद्यालय सहयोगीको थप तलब भत्ता	१६ विद्यालय	२७१८८६७
२	३८२। २०८१। ११।२८	स्वयंसेवक शिक्षक, निजी स्रोत शिक्षकको तलब	१६ विद्यालय	२१३२६९४
३	३९१। २०८१। ११।२८	निजी स्रोत शिक्षकको तलब	श्री रामचरित्र भगत मा.वि.	३३००००
			जम्मा	५१८१५६१

अनियमित भएको	५१,८१,५६१

७५ **औषधी खरिद -**

औषधिजन्य मालसामान खरिद तथा आपूर्ति व्यवस्थापन सहजीकरण पुस्तिका २०७९ मा औषधि खरिद प्रकृयाको व्यवस्था छ। पालिकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिमाण विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधि वा अन्य सामानमा TSB मा उपलब्ध स्पेसिफिकेसन हुनुपर्ने, उत्पादन मिति , म्याद सकिने मिति,WHO GMP certify company बाट उत्पादन भएको हुनुपर्ने, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ। पालिकाले औषधि खरिद गर्दा सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ११ वमोजिम लागत अनुमान तयार गर्दा स्पेशिफिकेशनको अधिनमा रहि लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ।आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा १८ महिना वाँकी हुनु पर्दछ। त्यसैगरी भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ। यसवर्ष पालिकाले औषधि खरिद गरी देहायको फर्मलाई भुक्तानी दिएको छ। पालिकाले औषधी खरिद गर्दा वार्षिक खरिद योजना बनाएको छैन, आवश्यकता पहिचान गरेको छैन भने पुल सिस्टमको आधारमा आपूर्ति समेत गरेको देखिएन। खरिद गरिएको औषधि स्वास्थ्य चौकीहरुले दाखिला गरी आम्दानी बाँध्नुपर्दछ।औषधि सामानको निरिक्षण प्रतिवेदन र physical counting of medicine and surgical item report सहित आपूर्ति भएका औषधि एंवम सर्जिकल समान स्टोर दाखिला हुनु अघि म्याद र स्पेशीफिकेशन खुलाई राख्नुपर्दछ। औषधिको माग अनुसार उपलव्धता, वितरण, उपयोगको अवस्था र मौज्दात (म्याद सकिएको, कम म्याद भएको औषधि) को स्थिति सम्वन्धमा आवश्यक विवरण प्राप्त हुन नसकेकोले खर्च र यसको उपयोगिता सुनिश्चित हुनुपर्दछ।पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

गो.भौ.नं मिति	आपुर्तिकर्ताको नाम	खरिद विधि	भुक्तानी रकम
५८६।२०८२।०१।२१ (पालिका चालु)	ईलाइट मेडिहेल्थ कन्सर्न प्रालि	कोटेशन	५९००००

७६ **गैरसरकारी संस्था मार्फत खरिद -**

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४६ मा जनचेतना सम्बन्धी तालीम, अभिमुखीकरण, सबलिकरण, मूलप्रवाहीकरण, जस्ता कार्य छिटोछरितो, प्रभावकारी र मितव्ययी हुने भएमा गैरसरकारी संस्थाबाट गराउन सक्ने व्यवस्था छ। पालिकाले यस वर्ष पालिका चालुतर्फ विभिन्न गैरसरकारी संस्थाहरु लगायतका अन्य संस्थाहरुबाट रु.९० लाखको विभिन्न कार्यक्रम संचालन गरेको छ ।यसरी संचालन भएका कार्यक्रमहरुको प्रभावकारिताका सम्बन्धमा अनुगमन तथा मूल्यांकन गरी सोको प्रभावकारीता, कार्यक्रमको उद्देश्य प्राप्त भए/ नभएको सम्बन्धमा प्रतिवेदन समेत पेश गरेको देखिएन ।पालिकाले संचालित कार्यक्रमहरुको प्रभावकारीता तथा उपलब्धि सम्बन्धमा समीक्षा नगरी वर्षेनी एकै प्रकृतिका कार्यक्रमहरुमा बजेट विनियोजन गरी खर्च गर्दा यस्तो खर्चको उपादेयता नहुने हुँदा कार्यक्रम संचालन हुनु भन्दा अगाडिको समाजको आर्थिक, सामाजिक लगायतका विविध पक्षको अवस्था र कार्यक्रम संचालन भईसकेपछि त्यसले समाजमा पारेको प्रभावका सम्बन्धमा समीक्षा, अनुगमन तथा मूल्यांकन गरी कार्यक्रमहरुलाई निरन्तरता दिने वा पुनरावलोकन गरी कार्यक्रमहरु परिमार्जन गर्ने भन्ने पक्षको टुङ्गो लगाउनु पर्दछ ।साथै पालिकाले यस वर्ष उहि प्रकृतिका कार्यक्रमहरु नगरतर्फ र वडा तर्फबाट समेत बजेट विनियोजन गरी कार्यान्वयन गरेको देखिएकोले कार्यक्रमहरुको दोहोरोपना नभएको सुनिश्चित गरी कार्यक्रम संचालन गर्नुपर्दछ । पालिकाबाट सञ्चालन गर्न सकिने कार्यक्रम पालिकाबाट नगरी गैरसरकारी संस्थाबाट गराउनु उचित देखिएन । आर्थिक र प्राविधिक प्रस्ताव माग गरी सञ्चालन भएका कार्यक्रमहरुका केही उदाहरण निम्नानुसार रहेका छन्।

गो.भौ.नं र मिति	भुक्तानी पाउने	रकम	कैफियत
३८७।२०८१।११।२८	महिला उत्थान सीप विकास केन्द्र	४९३६९७	वडा नं ५ मा ब्युटिसियन तालिम
५७८।२०८२।०१।१६	आयु तालिम केन्द्र	३९५१०४	वडा नं ३ मा ढकिया पथिया बनाउने तालिम
६२४।२०८२।०१।२८	नन्दनी तालिम केन्द्र	४८३४५९	वडा नं १ देखि ५ सम्मका महिलाहरुलाई स्यानिटरी प्याड बनाउने सम्बन्धी तालिम
६६२।२०८२।०२।१०	सुनौलो बिहानी सिकाई केन्द्र	४९५२२२	डल कुशन तालिम
७१७।२०८२।०२।२७	माँ बिन्दबासिनी डेभलपमेन्ट एण्ड सिप सेन्टर प्रालि	५९२६८५	वडा नं ३ र ५ मा सिलाई कटाई तालिम
७१८।२०८२।०२।२७	गुणस्तरीय प्राविधिक शिक्षा तथा सीपमूलक तालिम केन्द्र	४९४९९६	वडा नं ५ सबैठवामा महिला हिँसा बिरुद्ध जनचेतनामूलक तालिम कार्यक्रम
७२०।२०८२।०२।२७	वृज फाउण्डेशन तालिम केन्द्र	४९२११५	पालिकामा पापड बनाउने तालिम

७७ **घटी करकट्टी -**

आयकर ऐन, २०५८ को दफा ८८ मा सेवा खरिद वापत रकम भुक्तानी गर्दा मूल्य अभिवृद्धि करमा दर्ता नभएको संस्थासँगको कारोबारमा सम्झौताको रकममा १५ प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायमा उल्लेखित संस्था मार्फत कार्यक्रम संचालन गरी भुक्तानी दिएकोमा उक्त संस्थाहरुले मूल्य अभिवृद्धि कर विजक जारी गरेका छैनन् । मूल्य अभिवृद्धि कर विजक जारी नगर्ने उक्त संस्थालाई भुक्तानीमा १५ प्रतिशतका दरले अग्रिम कर कट्टी गरी रकम भुक्तानी दिनुपर्नेमा सो बमोजिम नगरी घटी कर कट्टि गरेको देखिएकोले घटी कर कट्टी रकम रु. १४४५४७।०० असुल गरी दाखिला गर्नुपर्ने रु.

गो.भौ.नं र मिति	भुक्तानी पाउने	रकम	कट्टी हुनुपर्ने रकम	कट्टी भएको रकम	घटीकर कट्टी	कार्यक्रम
२८४। २०८१।१०। ०६	ज्योति भिजन फाउण्डेशन (६१०२०८४४५)	७७९५२०	११६९२८	११६९३	१०५२३५	मोतिबिन्दुको लागि शिविर सञ्चालन तथा आँखाको अप्रेशन
४०९। २०८१।११। २९	नारायणी आई हस्पिटल प्रा.लि. (६०६७६४१००)	२९४२००	४४१३०	४८१८	३९३१२	वडा नं ४ मा आँखा शिविर सञ्चालन
जम्मा					**१४४५४७**	

असुल गर्नुपर्ने	१,४४,५४७

७८ **परामर्श तथा डी.पी.आर.खर्च —** यस पालिकाले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ।

कार्य विवरण	**परामर्शदाता**	**स्वीकृत रु.**	**खर्च रु.**	**अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत रु.**
श्री मान्सामाई ईन्द्रदेव चौरसिया ने.रा.प्रा.वि.को भवन निर्माणको डि.पि.आर.	राजगढ इन्फ्राटेक एण्ड एग्री प्रा.लि.	४२१६३२	४२१६३२	१४८००९७६

डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ। यसरी लागत अनुमानको आधार स्पष्ट नभई बजेटको आधारमा खर्च गरेको, कार्यान्वयनमा नगएको तथा उक्त परामर्श खर्च सम्पत्तिको रुपमा लेखाङ्कन गरेको देखिएन।

७९ **कर कट्टी दाखिला नभएको** - आयकर ऐन, २०५८ को दफा ८९(१) अनुसार बीलको भुक्तानीमा १.५ प्रतिशतको दरले अग्रिम कर, ढुवानीमा २.५ र १० प्रतिशतको दरले ढुवानी प्रकृति अनुसारको कर, मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(ग) अनुसार मू.अ.कर रकममा ३० प्रतिशतका दरले मूल्य अभिवृद्धि कर तथा सामाजिक सुरक्षा बापत १ प्रतिशतको दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने कर कट्टी गरेको तर दाखिला गर्न बाँकी रु. १७२७२४ कर दाखिला गरी सोको प्रमाण पेश गर्नुपर्ने देखिएको रु.

भौ.नं.र मिति	**विवरण**	**करको दर**	**कर रु.**
बिभिन्न	अग्रिम कर ९ वटा भौचरको	१.५	२०५८०
बिभिन्न	भ्याट ३० प्रतिशत ५ वटा भौचरको	३०	९१६३१
बिभिन्न	बहाल कर ३ वटा भौचरको	बहाल कर	४१४५५
बिभिन्न	पारिश्रमिक १ वटा भौचरको	पारिश्रमिक	१९०५८
जम्मा			**१७२७२४**

प्रमाण पेश नगरेको	१,७२,७२४

८० **जे.सी.बी. र एम्बुलेन्स बाट आम्दानी** -

पालिकाले आफ्नो आन्तरिक आम्दानी बढाउन, निर्माण कार्यमा सहजता ल्याउन, पालिका भित्रका सेवाग्राहीहरुलाई सेवा प्रवाह गर्नको लागि जे.सी.बी. र एम्बुलेन्स संचालनमा रहेको छ।पालिकामा रहेको जे.सि.बी. के कति चल्यो, कुन कुन व्यक्तिलाई सेवा प्रवाह गर्‍यो भन्ने अभिलेख राखेको नदेखिएकोले यसबाट भएको आम्दानी यकिन गर्न सकिएन।पालिकाले आम्दानी हुने सवारीको लगबुक तयार गरी आर्थिक ऐन बमोजिम सवारीबाट हुने आम्दानीलाई यथार्थपरक बनाउनुपर्दछ।

८१ **राजश्वतर्फ -**

८१.१ **घर जग्गा बहाल कर** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५७ अनुसार पालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति, संस्था वा निकायले घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड,कारखाना, जग्गा वा पोखरी पूरै वा आशिंक रुपमा बहालमा दिएमा बहाल लागेको रकममा घर जग्गा बहाल कर लगाइने व्यवस्था रहेको छ । पालिकाले घर जग्गा बहाल कर बापत यस वर्ष रु.२००३५३।१५ उठाएको देखिन्छ।पालिकाले वहाल कर सम्वन्धमा घर सर्वेक्षण (HOUSEHOLD SURVEY) गरी तथ्याङ्क अद्यावधिक गरी करको दायरा अभिबृद्धि गर्नुपर्नेमा सो गरेको पाईएन ।अत नियमानुसार अभिलेख राखी कर उठाउने प्रकृयालाई प्रभावकारी बनाउनुपर्दछ।

८१.२ **सम्पति कर** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५५ अनुसार पालिकाको अधिकारक्षेत्र भित्र कुनै पनि व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको घर वा जग्गाको एकिकृत रुपमा हिसाव गरी एकिकृत सम्पत्ति वा घरजग्गा कर लगाइने व्यवस्था रहेको छ । पालिकाले यस बर्ष सम्पति कर रु.१५०.१५ भूमि तथा मालपोत कर वापत रु.२४६४३८.०७ उठाएको देखिन्छ।पालिकाले एकिकृत सम्पत्ति कर सम्वन्धमा घर जग्गा सर्वेक्षण (HOUSEHOLD SURVEY)गरी तथ्याङ्क अद्यावधिक गरी करको दायरा अभिबृद्धि गर्नुपर्नेमा एकिकृत सम्पत्ति कर प्रणाली लागू गरेको पाईएन ।अत नियमानुसार अभिलेख राखी एकिकृत सम्पत्ति कर उठाउने प्रकृयालाई प्रभावकारी बनाउनुपर्दछ।

८१.३ **व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ।यस वर्ष पालिकाले ब्यबसाय कर रु. १४०००।० सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन्।उद्योग ब्यबसायको लगत राखी दर्ता हुन बाँकी रहेका ब्यवसायलाई दर्ता गर्न प्रोत्साहन गरी ब्यवसाय कर संकलन वढाइ आन्तरिक आयमा वृद्धि गर्नुपर्दछ।

८१.४ **राजश्व परामर्श समिति** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६५ मा राजश्व परामर्शको लागि एक स्थानीय राजश्व परामर्श समिति सम्वन्धी व्यवस्था रहेको छ। उक्त समितिको काम कर्तव्य तथा अधिकार अन्तर्गत राजश्व सम्वन्धी आवश्यक कानूनको तर्जुमा, संशोधन, परिमार्जन र सो को परिपालनाका सम्वन्धमा आवश्यक परामर्श दिने, राजश्वको स्रोत, दायरा तथा दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको बिश्लेषण गरी सो सम्वन्धमा अनुमान गरी राजश्वका दर र क्षेत्र तोक्ने लगायतका कार्यहरु उल्लेख छ। राजश्व परामर्श समितिको बैठक बसी नीतिगत छलफल भएतापनि तथ्यगत विश्लेषण सहित राजश्वको अनुमान गरेको पाइएन ।साथै स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ५९ मा गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्र भित्र आफूले निर्माण, रेखदेख वा संचालन गरेको हाटवजार, पसल, सरकारी जग्गमा बनेका संरचनाको उपयोग गरेवापत बहाल, विरौटी शुल्क लगाउन सक्ने ब्यबस्था गरेकोमा पालिकावाट यस बर्ष माछापोखरी मात्र आय समाबेस गरेको छ ।अन्य क्षेत्रको आय, घर, सटर बहाल, अन्य सार्वजनिक स्थानहरुको आन्तरिक आय ठेक्का लगाई आन्तरिक आयमा वृद्धि गर्न सकेको देखिएन।अतःनियमानुसार आफ्नो क्षेत्रमा प्राप्त हुनसक्ने आयको पहिचान गरी कर संकलनमा वृद्धि गर्न प्रभावकारी रुपमा कार्य सम्पादन गर्नुपर्दछ।

८१.५ **असुल गर्न बाँकी आन्तरिक आय–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत आन्तरिक आय वृद्धिका लागि आफ्नो क्षेत्र भित्र आफूले निर्माण, रेखदेख वा संचालन गरेको हाटबजार वा पसल वा सरकारी जग्गामा बनेका संरचना उपयोग गरेवापत विभिन्न कर तथा शुल्क बहाल विरौटी शुल्क आदि लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ।साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६मा उल्लेखित प्रक्रिया र कार्यविधि अनुसार समयमा नै प्राप्त हुन नसकेमा सम्झौतामा तोकिएको अवधि र अवधि नतोकेको अवस्थामा प्रचलित कानून अनुसार जरिवाना समेत गणना गरी सो समेत दाखिला गर्न लगाउने सक्ने व्यवस्था छ। यस पालिकाले विगत वर्ष सम्झौता गरेको आन्तरिक आय ठेक्कामा गुलरी माछा पोखरी र गोनाहा माछा पोखरी ठेक्काको लागि सुरेन्द्र सहनीसंग बार्षिक क्रमशः रु. ६५१००० तथा रु. १६२०००० मा ५ बर्षको लागि सम्झौता गरेकोमा २०८१। ८२ को चौंथो किस्ता बापत रु. ४५४२०० मध्येबाट दुवै किस्ताको रु. २००००० मात्र दाखिला गरेको र दुवै

किस्ताको रु. २५४२०० दाखिला गर्न बाँकी देखिन्छ। तसर्थ, दाखिला गर्न बाँकी उक्त आय रकम ऐन अनुसार जरिवाना समेत यकिन गरी पालिकाले असुल गर्न गर्नुपर्ने देखिएको रु.

सि.नं.	आय ठेक्का विवरण	ठेकेदारको नाम	कबोल रकम रु.	२०८१।०८२ को किस्ता तिर्न बाकी रकम रु.
१	गुलरी माछा पोखरी	सुरेन्द्र सहनी	६५१०००	१३०२००
२	गोनाहा माछा पोखरी	सुरेन्द्र सहनी	१६२००००	१२४०००
जम्मा				**२५४२००**

असुल गर्नुपर्ने	२,५४,२००

८१.६ **आय ठेक्कामा मूल्य अभिवृद्धि कर** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(२) मा मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गरी बेदर्तावालाबाट सङ्कलन गरिने राजस्व शिर्षक नं.३३११७ मा दाखिला गर्नुपर्ने र मूल्य अभिवृद्धि कर २०५२ को दफा ५ र दफा २ अनुसार ठेक्कापट्टा र दहत्तर बहत्तर आय ठेक्का लगाउँदा मूल्य अभिवृद्धि कर असुल नगरेकोले दहत्तर बहत्तरको ठेक्का वा अन्य प्रकृयाबाट गरिएका ठेक्कापट्टामा संकलन गरेको रकमको १३ प्रतिशतले हुने निम्नानुसारको मूल्य अभिवृद्धि कर रु. ३१७०७५ संघीय संचित कोषमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

सि.नं.	आय ठेक्का विवरण	ठेकेदारको नाम	कबोल रकम रु. (५ वर्षको लागि)	२०८१।०८२ को किस्ता मात्र असुली रकम रु.	मूल्य अभिवृद्धि आय कर रु.
१	मधुवनी माछा पोखरी	गणेश कुमार साह तेली	६३५१११५	१२७०२२५	१४६१३२
२	खेश्राहा माछा पोखरी	करिमन मुखिया बिन	४३११०००	८६२२००	९९१९१
३	लहावरथकरी माछा पोखरी	कनहैया मुखिया विन	२११८५००	४२३७००	४८७४४
४	गोनाहा माछा पोखरी	सुरेन्द्र सहनी	१६२००००	२०००००	२३००८
जम्मा रु.					**३१७०७५**